# परिच्छेद एक
# परिचय

बालबालिकामा अन्तर्निहित क्षमताको अभिवृद्धि गराई उनिहरुलाई भविष्यमा असल जीवन यापन गराई सक्षम तुल्याउनका लागि सानै उमेर देखि औपचारिक शिक्षा उपलब्ध गराउन बालविकास केन्द्रको स्थापना गरिएको हो । बालबालिकाको सिकाईलाई सहज र मनोरञ्जनपूर्ण बनाउनका लागि बालविकास केन्द्रमा उपयुक्त खालको व्यवस्थान गर्न आवश्यक हुन्छ । यसै विषयलाई दृष्टिगत गरी बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा आधारित रही यो अध्ययन गरिएको छ ।

## १.१ पृष्ठभूमि

आजका बालबालिका भोलिका कर्णधार हुन । जग बलियो भए घर बलियो हुन्छ । भोलिको समुन्नत र सम्बृद्ध राष्ट्र निर्माणको लागि आजै सोच्नुपर्छ । पूर्व बाल्यावस्था मानव जीवनको महत्वपूर्ण समय हो । बाल मष्तिष्कमा नैतिक मूल्य र मान्यताका कुराहरु र सामाजिकीकरणको शुरुवात पनि पूर्व बाल्यावस्थाबाटै शुरु हुने गर्दछ ।

बालबालिकाको पहिलो पाठशाला घर हो र आमा पहिलो शिक्षिका हुन । सिकाई यतिमा मात्र सीमित हुदैन । उसको औपचारिक शिक्षाको शुरुवात विद्यालयबाट हुन्छ । स-साना बाल बालिकाहरुलाई सक्षम सुसंस्कृत क्रियाशील नागरिक बनाउन मद्दत गर्न, बालकको रुचि चाहना र इच्छा अनुसारको सिकाइ सिकाउन, समाजमा समायोजित गराउन, शिक्षाको राष्ट्रिय र सामाजिक उद्देश्य र लक्ष्य पूरा गराउन औपचारिक शिक्षाको आवश्यकता पर्दछ ।

आजको युग विज्ञान प्रविधिको युग हो । हरेक राष्ट्रले उत्पादन गर्ने जनशक्ति राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा र आवश्यकतालाई पूरा गर्न सक्ने क्षमताको हुनुपर्दछ । राष्ट्रको समाजिक, आर्थिक लगायत समग्र विकासका लागि दक्ष तथा प्राविधिक सीपयुक्त जनशक्ति उत्पादनको लागि राज्यका तर्फबाट औपचारिक शिक्षण संस्थाहरुको स्थापना

गरिएको हुन्छ । यसप्रकारका संस्थाहरुले संगठित रुपमा तहगत शिक्षा प्रदान गर्ने कार्य गरिरहेका हुन्छन । पूर्व प्राथमिक तह, प्राथमिक तह, माध्यमिक तह र उच्च माध्यमिक तह गरी विद्यालय स्तरको शैक्षिक संरचना बनाइएको छ भने उच्च मा.वि. तहको (१०+२) अध्ययन पश्चात विद्यार्थीहरु उच्च शिक्षा अध्ययनका लागि क्याम्पस तथा विश्वविद्यालयमा जानुपर्ने हुन्छ । यसै अर्न्तगत शिक्षा नियमावली, २०५९ को परिच्छेद-१२ को नियम ६७ मा शिशु विकास केन्द्र स्थापना सम्बन्धि व्यबस्था गरिएको छ ।

शिक्षा नियमावलीले दिएको यही अधिकार प्रयोग गरी बालविकास केन्द्र संचालनका लागि तत्कालीन सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग सानोठिमी भक्तपुर बाट प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धि निर्देशिका २०६१ जारी गरी प्राथमिक कक्षा १ मा भर्ना हुनका लागि निर्धारित ५ वर्ष उमेर पूरा भइनसकेका ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत सर्बाङ्गीण विकासका लागि संचालन भएको संस्था बालविकास केन्द्र हो, भने यसमा संचालित शैक्षिक कार्यक्रम बालविकास कार्यक्रम हो ।

यसै गरी बालविकास निर्देशिका (२०६१)मा केन्द्र भन्नाले “शिक्षा नियमावली २०५९ को नियम ६७ को शिशुविकास केन्द्रलाई सम्झनु पर्छ” भनी स्पष्ट पारिएको छ । सो शब्दले बालविकास केन्द्र वा यस्तै नामबाट स्थापित बालबालिकाहरुको सर्बाङ्गीण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालबालिकाहरुको लागि मात्र सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका बालबालिकाहरुका साथै ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि समेत सेवा पुऱ्याउने शिशु विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सहितको समुदायमा आधारित भई नेपाल सरकारको मातहतको सम्बन्धित निकायबाट अनुमति, स्वीकृति र अनुदान प्राप्त गरी संचालित संस्थाको एकीकृत संरचनालाई सम्झनुपर्छ भनी उल्लेख गरिएको पाइन्छ ।

बालविकास केन्द्र सम्बन्धि माथि उल्लेखित परिभाषा एवं व्यबस्थालाई दृष्टिगत गर्दा संस्था स्थापनाका साथै संस्था संचालनको लागि आवश्यक नियम कानुन र अनुदान समेतको व्यबस्था गरी प्रबन्ध मिलाउन खोजेको पाइन्छ । त्यसै गरी पछिल्ला वर्षहरुमा राष्ट्रको कुल

बजेटबाट करिब १७ प्रतिशत रकम (आ.व. २०६७/६८ मा १७.१ प्रतिशत) शिक्षाको क्षेत्रमा छुट्याइएको कारणबाट पनि शिक्षाको महत्वलाई प्रथमिकता दिएको पाइन्छ । तर बजेट व्यबस्था गर्नु मात्र ठूलो कुरा होइन, उद्देश्य अनुसारको लक्ष्य प्राप्त गर्नको लागि लक्षित वर्ग र क्षेत्रमा सो को न्यायपूर्ण वितरण र कार्यान्वयन हुनु महत्वपूर्ण कुरा हो ।

बालबालिकाहरुको २ वर्ष देखि ६ वर्ष सम्मको अवस्थालाई पूर्व वाल्यावस्था भनिन्छ ( नागेश्वर, २०६२) । यस अबस्थालाई आमा बाबुले समस्याको उमेर, खेलौना खेल्ने उमेर भनेर बुझ्छन् भने शिक्षा बिद्हरुले पूर्व विद्यालय उमेर, रचनात्मक उमेर, आधार स्तम्भको उमेर, नक्कल गर्ने उमेर, खेल्ने उमेर र प्रश्नहरु सोधिरहने उमेर भनेर बुझ्छन त्यसै गरी मनोबैज्ञानिकहरुले सामाजिक व्यबहारको आधार स्तम्भको अन्वेषणात्मक, प्रश्नावलीको उमेर, सृजनशील तथा नक्कल गर्ने उमेर भनी आ- आफ्नो तरिकाले विश्लेषण गरेको पाइन्छ (शर्मा, २०५२) । यी तथ्यहरुलाई मनन् गर्दा प्रारम्भिक बाल्यावस्था मानिसको सम्पूर्ण जीवनको परिचयात्मक अध्याय हो । यो अवस्थामा बालबालिकाको ९० प्रतिशत बौद्धिक क्षमताको विकास भैसक्ने र अन्य विकासका पक्षहरु पनि तिब्र गतिमा बृद्धि हुने भएकोले यो अबस्थामा बिकासको पूर्ण अबसर प्रदान गर्नु नितान्त आवश्यक हुन्छ, भन्ने कुरा विभिन्न समयमा गरिएका अनुसन्धानहरुले बताइरहेका छन ।

एउटा बालक ऊ पहिलोपटक विद्यालय जांदा उसले गर्ने अनुभवलाई बालमनोविज्ञानको दृष्टिबाट हेर्नु आवश्यक हुन्छ । कक्षा कोठाको वातावरण उसलाई पढाउने शिक्षक लगायत सम्पूर्ण व्यवस्थापन पक्षमा विशेष ध्यान पुऱ्याउनु जरुरी हुन्छ । नेपाल सरकारको लक्ष्य अनुरुप ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि न्यूनतम १ वर्ष बालविकास केन्द्रमा आवश्यक शैक्षिक ब्यबस्था गरी बालमैत्रिपूर्ण वातारवरणमा शिक्षा प्रदान गर्ने र ५ बर्ष उमेर पूराभए पछि प्राथमिक शिक्षाको आधारभूत तह कक्षा १ मा भर्ना गर्ने शैक्षिक व्यबस्थाका लागि नेपाल अधिराज्य भरि ७५ वटै जिल्लामा यस्ता बालविकास केन्द्रको स्थापना गरी संचलानमा ल्याइएको छ । पछिल्लो तथ्याङ्क अनुसार हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी मुलुकभर २४७७३ बालविकास केन्द्र संचालित छन्, जसमध्ये विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा ११८९० र बांकी समुदायमा आधारित भई संचालित छन् (फ्ल्यास रिपोर्ट, २००७) । यसका अतिरिक्त नेपालमा प्रारम्भिक

बालविकास तथा विकास र पूर्व प्राथमिक शिक्षाको बिस्तार र सेवा प्रवाह गर्ने संस्थागत विद्यालयहरुको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ ।

बालबालिकाले प्रारम्भिक बाल्यावस्थामा सिकेका कुराहरु नै भविष्यको सिकाइको जग हुने भएकोले यस् तहमा बालबालिकालाई सिर्जनात्मक प्रतिभा प्रस्फुटन गर्न विभिन्न क्रियाकलापमा संलग्न गराउनु आवश्यक हुन्छ । बालविकासको शैक्षिक व्यबस्थापन कार्य एउटा महत्वपूर्ण कार्य भएता पनि यस कार्यलाई प्रभावकारी ढङ्गले योजनावद्ध रुपमा बालविकास केन्द्रहरुको सु-संचालन भएको पाइदैन (प्रारम्भिक बालविकास निर्देशिका, २०६२) ।

वि.स. २०६१ साल देखि लागू गरेको यो कार्यक्रम सबैका लागि शिक्षा राष्टिय कार्य योजना (सन २००१-२०१५) मा उल्लेखित बालशिक्षा तथा विकास कार्यक्रमका लक्ष्यहरुकै एउटा अंगकै रुपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम संग समेटिएको कार्यक्रम हो । यसले विद्यालय क्षेत्र सुधार कार्यक्रमको आधार स्तम्भको रुपमा योगदान पऱ्याउने आशा एवं अपेक्षा गरिएको छ ।

माथि उल्लेखित तथ्य तथा भनाइहरुलाई विश्लेषण गर्दा बालविकास कार्यक्रम अन्तर्गत स्थापित बालविकास केन्द्रको आवश्यकता र महत्वमा कुनै दुईमत छैन तर सरकारले योजना गर्दैमा, कार्यक्रम ल्याउंदैमा र कनिका छरे जस्तो केही बजेट विनियोजन गर्दैमा योजना तथा कार्यक्रमले सफलता प्राप्त गर्दछ र लक्ष्य हासिल हुन्छ भन्ने कुरा संग सहमत हुन सकिंदैन । त्यसैले हाल संचालित बालविकास केन्द्र र पछि थप हुने समेत बालविकास केन्द्रमा अध्ययन गर्ने कलिला बालबालिकाहरुले के कस्तो अनुभव हासिल गरेका छन् ? के उनीहरुले बालमनोबिज्ञान अनुसारको बाल कक्षामा अध्ययन गरिरहेका छन ? सिकाइको अन्त्यमा हासिल हुनुपर्ने सिकाइ उपलब्धी हासिल भयो कि भएन ? समग्र बालविकास केन्द्रको शैक्षिक व्यबस्थापन पक्ष कस्तो छ ? पर्याप्त छ कि छैन ? यदि छैन भने व्यबस्थापन पक्षमा देखिएका कमी कमजोरीहरुलाई हटाउन के कस्ता प्रभावकारी उपायहरु अपनाउन सकिन्छ ? सम्बन्धित पक्ष र सरोकारवालाहरुको संलग्नताको स्थिति कस्तो छ ? जस्ता थुप्रै प्रश्न र जिज्ञासाहरु मेटाउने उद्देश्यले बालविकास केन्द्रको शैक्षिक व्यबस्थापनको अध्ययन गर्ने प्रयास गरिएको हो ।

## १.२ समस्याको कथन

बालबालिकालाई औपचारिक शिक्षाको शुरुवात बालविकास केन्द्रबाट हुने राष्ट्रिय शिक्षा नीति तय हुनु महत्वपूर्ण कार्य हो । बालविकास केन्द्रको स्थापनाको उद्देश्य प्राथमिक तहको आधारभूत कक्षा १ मा भर्ना हुनु अगावै १ वर्ष सम्म ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाको आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गराउनुको साथै उक्त उमेर समूहका बालबालिकाको लागि आधारभूत शिक्षाको तयारिका निम्ति बालविकास सेवामा पहुँच बढाउने रहेको छ ।

बालविकास केन्द्रको व्यबस्थापनका लागि राष्ट्रिय स्तरमा नीति नियमको तर्जुमा गरी आवश्यक बजेटको समेत व्यबस्था गरी स्थानीय स्तरमा कक्षा कोठा सम्मको पहुँच र तयारी गरे पनि लक्षित उद्देश्यहरु हासिल गर्नका लागि गर्नुपर्ने कार्यहरु अझ धेरै बाँकी छन । नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा बिभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय निरीक्षक, विद्यालय व्यबस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक, नागरिक समाज र आम सरोकारवाला सबैले आ आफ्नो क्षेत्रबाट जिम्मेवारीको बोध गरी दायित्व निर्वाह गर्न सके मात्र कार्यक्रमले सफलता प्राप्त गर्न सक्छ भन्ने ठम्याइ रहेको छ ।

यस्तो अवस्थामा बालविकास केन्द्र संचालनको व्यबस्थापन पक्ष कस्तो होला ? प्र.अ.को मूमिका के हुने ? जि.शि.का स्रोत केन्द्र जस्ता निकायहरुको सहयोग, अनुगमन, निरीक्षण प्रणाली कस्तो रहेको छ ? सहयोगी कार्यकताको भूमिका कस्तो छ ? स्वीकृत पाठ्यक्रम लागू भएको छ छैन ? बालबालिकाको सिकाई उपलब्धीको मापन कसरी गरिन्छ ? सहयोगी कार्यकर्ताको पारिश्रमिक, तलब सुबिधा के कस्तो छ ? बालविकास केन्द्रमा लक्षित समूहको पहुँचको अवस्था कस्तो छ ? भन्ने जस्ता प्रश्नहरु समस्याको रुपमा देखिएको पाइन्छ । यस्तै प्रश्नहरुको जिज्ञासा मेटाउन बालविकास केन्द्रको शैक्षिक व्यबस्थापनलाई यस अध्ययनको समस्या कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कलिलो उमेरका बालबालिकाको आवश्यकतालाई ध्यानमा राखी बाल मष्तिष्कमा सकारात्मक सोचाइको विकास गर्ने कार्य चुनौतिपूर्ण हुन्छ । यस कार्यका लागि बालविकास केन्द्रको पठनपाठन एवं शैक्षिक व्यवस्थापन महत्वपूर्ण कुरा हो । वर्तमान व्यबस्थालाई हेर्दा एक जना सहयोगी कार्यकर्तालाई बालविकास केन्द्रको पठनपाठनको जिम्मेवारी दिने व्यबस्था छ । सामान्य तालिमको भरमा न्यूनतम कक्षा ८ उत्तीर्ण शैक्षिक योग्यता हासिल गरेका सहयोगी कार्यकर्ताबाट शैक्षिक उद्देश्य हासिल गर्नु पक्कै पनि अपूर्ण जस्तो लाग्छ भने मासिक रु. १८००।- तलब सुबिधामा काम गर्दा सहयोगी कार्यकर्ताको आत्मबल र आत्मविश्वास पनि कम हुन सक्छ, यस्तो अवस्थामा बालविकास केन्द्रको शिक्षण क्रियाकलाप कस्तो होला सहजै अनुमान गर्न सकिन्छ ।

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको औचित्यलाई निम्नानुसार दर्शाइएको छ :

क) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थिति पहिचान गरी विद्यालय व्यवस्थापन पक्षलाई सहयोग गर्न ।

ख) बालविकास केन्द्रमा सञ्चालित हुने शिक्षण विधि र शैषिक क्रियाकलापको जानकारी लिई त्यसमा देखिएका समस्या समाधान गर्न उपायहरु खोजि गरी व्यवस्थापकलाई सहयोग पुऱ्याउन ।

ग) बालविकास केन्द्रमा गरिएको लगानीको स्थिति पहिचान गरी त्यसलाई खेर जान नदिन र समुचित उपयोगमा ल्याउन मद्धत पुऱ्याउन ।

घ) बालविकास केन्द्रको विकासमा वि.व्य.स., प्र.अ., शिक्षक अभिभावक तथा सरोकारवालाहरुको भूमिका पहिचान गरी सक्रिय बनाउन सहयोग गर्न ।

ङ) बालविकास केन्द्रसंग प्रत्येक्ष सरोकार राख्ने जि.शि.का., स्रोत केन्द्र र वि.नि.को निरिक्षण तथा अनुगमनकर्ताको भूमिकामा सक्रियता ल्याउन मद्धत गर्न ।

च) बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाले कार्यक्रमको अन्त्यमा हाँसिल गर्नुपर्ने सिकाई उपलब्धिको स्तरमा सुधार गर्न सहयोग गर्न । यस अध्ययनबाट नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति अनुसार संचालनमा आएका विद्यालयमा आधारित

बालविकास केन्द्रहरुको शैक्षिक व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन केही मात्रमा भए पनि सहयोग पुग्न जानेछ भन्ने अपेक्षा गरेको छु ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका उद्देश्यहरु निम्नानुसार राखिएको छ ।

क) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थिति लेखाजोखा गर्ने ।

ख) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सरोकारवालाहरुको संलग्नताको स्थिति पहिचान गर्ने ।

ग) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरु पत्ता लगाउने ।

घ) बालविकास केन्द्रमा देखिएका समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्क प्रश्नहरु

यस अध्ययनका निर्धारित उद्देश्य पूरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

क) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थिति कस्तो छ ?

ख) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा अभिभावको संलग्नताको स्थिति कस्तो छ ?

ग) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा वि.व्य.स.को संलग्नताको स्थिति कस्तो छ ?

घ) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा प्र.अ.को संलग्नताको स्थिति कस्तो छ ?

ङ) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सहयोगी कार्यकर्ताको संलग्नताको स्थिति कस्तो छ ?

च) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा वि.नि./स्रोत व्यक्तिको संलग्नताको स्थिति कस्तो छ ?

छ) बालविकास केन्द्रमा शैक्षिक व्यव्स्थापनमा देखिएका समस्याहरु के के हुन् ?

ज) बालविकास केन्द्रमा देखिएका समस्या समाधानका उपायहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक छ । बालबालिका र बालमनोविज्ञानको अध्ययन अनुसन्धानमा मनोबैज्ञानिकहरुको नयाँ नयाँ खोज अनुसन्धान जारि नै छ । समय समयमा यस सम्बन्धि धारणा तथा प्रतिवेदनहरु समेत प्रकाशित भई नै रहेका छन् । कुनै पनि कार्यको सफलता प्राप्त गर्न व्यबस्थापन पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ, त्यसैले बालविकास केन्द्रको शैक्षिक व्यबस्थापन सम्बन्धि विषयवस्तुको महत्व र व्यापकतालाई आत्मसात गर्दै स्रोत, साधन र समयको अभावलाई मध्यनजर राख्दै यस अध्ययनका निम्नलिखित परिसीमाहरु तोकिएको छ ।

क) यो अध्ययन जिल्ला शिक्षा कार्यालय रुपन्देही, स्रोत केन्द्र धकधई अन्तर्गत पर्ने केरवानी गा.वि.स.मा रहेका १० वटा सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा आधारित रही गरिएको छ ।

ख) यस अध्ययनमा विद्यालयमा आधारित रहेर संचालनमा आएका बालविकास केन्द्रमा विद्यार्थी संख्या, शिक्षक व्यबस्थापन, कक्षा कोठाको व्यवस्थापन, पाठ्यक्रम, पाठ्यसामाग्री र शैक्षिक सामाग्रीको प्रयोगको अवस्था, बालबालिकाको सिकाइ उपलब्धी मापनका आधारहरु, प्र.अ., विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति र विद्यालय निरीक्षकबाट भए गरेका अनुगमन तथा निरीक्षण आदि व्यवस्थाका सम्वन्धमा स्थलगत अवलोकन गरी तथ्य र तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ ।

ग) अध्ययनका लागि छनोट भएका विद्यालयहरुको २०६५, २०६६ र २०६७ को आषाढ मसान्त सम्मको विद्यार्थी संख्यालाई आधार मानी ३ वर्षको समय सीमामा आधारित रही अध्ययन गरिएको छ ।

घ) यस अध्ययनको प्राथमिक स्रोत अवलोकन, अन्तर्वार्ता, प्रश्नावली लाई आधार मानिएको छ भने द्धितीय स्रोतको रुपमा जि.शि.का. रुपन्देही, स्रोत केन्द्र धकधई र सम्बन्धित विद्यालयका अभिलेखका साथै विभिन्न स्रोतबाट प्राप्त हुने अनुसन्धानात्मक प्रतिवेदन, लेखकहरुका समसामयिक लेख रचना ,पुस्तक, पत्रपत्रिका र इमेल इन्टरनेट प्रयोगबाट प्राप्त तथ्यलाई आधार मानिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

बालबालिकाको क्षेत्रमा प्रत्यक्षरुपमा संलग्न रही काम गर्ने संघ संस्था, बालमनोवैज्ञानिक, शिक्षक, योजनाकार र शिक्षाविद्हरुले समय समयमा विभिन्न माध्यमबाट आफ्ना धारणा तथा अध्ययन अनुसन्धान सम्बन्धि प्रतिवेदनहरु प्रकाशनमा ल्याउने गरेको पाइन्छ । बालविकास सम्बन्धि विभिन्न साहित्यहरुले बालबालिकाहरुको आवश्यकता र उनिहरुको सीर्जनात्मक प्रतिभाको प्रष्फुटनका लागि उपयुक्त शैक्षिक वातावरण र व्यवस्थापनमा जोड दिएका छन् । बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन सम्बन्धमा प्रकाशित साहित्यको अध्ययनबाट अध्ययनकार्यलाई मार्गदर्शन प्राप्त हुने हुँदा यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकनका साथै अध्ययनको सैद्धान्तिक खाका र शैक्षिक उपादेयताको व्याख्या र विश्लेषण गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व बाल्यावस्थाका बालबालिकाका लागि प्राथमिक तहको आधारभूत तह कक्षा १ मा भर्ना हुनुभन्दा १ वर्ष पहिले बालविकास केन्द्रमा संचालित कक्षामा कम्तिमा १ वर्ष सम्म गरिने शैक्षिक क्रियाकलापलाई कसरी व्यवस्थापन गरिएको छ र केन्द्र संचालनमा देखा परेका समस्या तथा समाधानका उपायहरु सम्बन्धि खोज कार्य गर्ने क्रममा सम्बन्धित पक्षको अध्ययन तथा खोज गरिसकेपछि खाका निर्माण गर्ने र यस अनुसन्धान संग मिल्दा जुल्दा सोधपत्र, अनुसन्धान तथा प्रतिबेदन एवं लेखहरुको पुनरावलोकन गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

शिक्षा ऐन, (२०२८) को दफा (२)का अनुसार ४-५ वर्ष उमेर समूहका बालबालिकालाई शिक्षा दिने कक्षा वा विद्यालयलाई बालविकास केन्द्र भनिन्छ । यस्तै शिक्षा नियमावली, (२०५९) को नियम १९२ खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले “प्रारम्भिक बालविकास निर्देशिका २०६१ जारी गरेको पाइन्छ । नेपालको

अन्तरिम संविधान, (२०६३) भाग-३ धारा २२ को उपधारा (२) मा बालबालिकाको हक सम्बन्धि उल्लेख गर्दै भनिएको छ " प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने हक हुनेछ" भन्ने कुरा उल्लेख गरिएको छ ।

रुपन्देही विकास पत्र (२०६६) का अनुसार बालबालिका देश निर्माण र अग्रगामी परिवर्तनका पुर्वाधार हुन । विभिन्न परिस्थितिमा गूज्रीरहेका बालबालिकाहरुको भविष्य सुनिश्चित गर्दै बिपन्न तथा उपेक्षित बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जन, ज्ञान सीप जस्ता आधारभूत वातावरण उपलब्ध गराउन निजका अभिभावकहरु स्थानीय संघ संस्था र स्थानीय सरकार मुख्य जिम्मेवार हुनुपर्छ । यससंग सम्बन्धित राज्यको मुख्य जिम्मेवार अंग मानिने महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र जिल्ला स्तरमा महिला विकास कार्यालय तथा स्थानीय सरकार जि.वि.स., न.पा, गा.वि.स. संग महिला तथा बालबालिका सम्बन्धि निर्देशिका तथा ठोस नीति हुन जरुरी छ भन्ने कुरा औंल्याइएको पाइन्छ ।

सबैका लागि शिक्षा सहयोगी पुस्तिका (२०६४) का अनुसार सन १९९० मा थाइल्याण्डको जोनटिनमा भएको "सबैका लागि शिक्षा" सम्बन्धि विश्व सम्मेलनको घोषणा पत्रलाई सन २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मन्चले समीक्षा गर्दै सन २०१५ सम्म विश्वका सबै बालबालिकालाई प्राथमिक स्तरको शिक्षा निःशुल्क र अनिवार्य रुपमा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरेको तथ्य सबैमा सर्बविदितै छ । सो घोषणा अनुसार सन २०१५ सम्ममा "सबैका लागि शिक्षा" हासिल गर्न ६ वटा मुख्य उद्देश्यहरु राखिएका थिए र ती उद्देश्यहरु हासिल गर्न नेपालले पनि सवैका लागि शिक्षा राष्ट्रिय योजना सन (२००१-२०१) बनाई यस अन्तर्गत सवैका लागि शिक्षा मुल दस्तावेज कार्यक्रमको रणनीतिक कार्यक्रम तयार गरेर आ.व.२०६१ र २०६२ देखि कार्यान्वयन गर्न सुरु गरिएको उल्लेख गरिएको छ ।

शिक्षक तालिम कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका (२०६६) सेभ द चिल्ड्रेन भन्ने पाठ्य सामग्रीमा बालअधिकार सम्बन्धि महासन्धिद्धारा पारित प्रस्तावको भूमिकाको भाग १ देखि भाग ३ सम्म रहेका १ देखि ५४ वटा धाराहरुमा बालअधिकारको महत्वलाई व्याख्या गर्दै भनिएको छ -

क) संयूक्त राष्टसंघले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको माध्यमबाट बाल्यावस्थालाई विशेक्ष स्याहार र सहयोग प्रदान गर्नुपर्ने ।

ख) बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बांच्न पूर्ण रुपले समर्थ बनाउनुपर्ने र संयुक्त राष्ट्रसंघको बडापत्रमा घोषित आदर्शहरु अनुरुप र खास गरी शान्ति, सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा निजको लालनपालन गर्नुपर्ने ।

ग) सन १९५९ नोभेम्वर २० मा संयूक्त राष्ट्रसंघको महासभाद्धारा पारित बालबालिकाको अधिकार सम्बन्धि घोँषणा पत्रमा "बालकलाई उसको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले गर्दा विशेष हेरचाह र स्याहारको आवश्यकता साथै उचित कानूनी संरक्षणको खांचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ" भन्ने उल्लेख भएको कुरालाई हृदयंगम् गर्नुपर्ने ।

घ) बालबालिकाको संरक्षण र सामाञ्जस्यपूर्ण विकासको लागि प्रत्येक राष्ट्रको परम्परा र सांस्कृतिक मूल्यहरुको महत्वलाई उचित दिनुपर्ने भनि उल्लेख गरेको पाइन्छ ।

शर्मा, (२०६७) का अनुसार हामी नेपालीहरु चाहिने कुरामा कम छलफल र समय कटाउनको लागि रुचिका विषयहरुमा जति पनि छलफल गर्न उत्साही हुन्छौं । हाम्रो सामाजिक परिवेश पनि त्यस्तै प्रकारको भएकोले हामी अधिकांशको बानी व्यहोरामा त्यसको गहिरो छाप छ । तर २०४२/०४३ साल तिरको एउटा प्रसङ्गले निरन्तर संवाद र अन्तर्क्रियाको महत्व बुझाइदिएको थियो । त्यस बेला स्कूलमा भरखर पूर्व प्राथमिक कक्षा सुरु गरिएको थियो । केटाकेटीको शारीरिक बौद्धिक र संवेगात्मक बिकास हेतु सुरु गरिएको यो कक्षामा उनीहरुलाई कखरा सिकाउने कुरै आएन । तर कतिपय अभिभावकहरुलाई स्कूलले आफ्ना नानीहरुलाई लेख्न, पढ्न नै सिकाएन भन्ने चिन्ता परेछ । उनीहरु स्कूलमा नै आएर गुनासो गर्न थाले । प्रति महिना रु.३० तिरेकाले पनि उनीहरुको चासो बढी भएको बुझ्न कठिन थिएन । गुनासो गर्न आउने अभिभावक मध्ये धेरैलाई एउटा शिक्षकको रुपमा मैले नै सम्झाई बुझाई गरेको थिएं । एक एक गर्दै अभिभावकहरुलाई पूर्व प्राथमिक शिक्षाको अवधारणा बताउँदा बताउँदा एक वर्ष बित्यो, तर त्यसले ठूलो काम गरेछ भन्ने तथ्य उल्लेख गर्नुभएको पाइन्छ ।

पौडेल, (२०६४) का अनुसार जनसंख्या विक्षयमा शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धी बीचको सम्बन्ध एक अध्ययनका अनुसार सामान्यतया मानवीय संसाधनलाई कुशलता पूर्वक कार्य सम्पादन गराउनुलाई व्यवस्थापनको संज्ञा दिइन्छ । कुनै पनि संस्थामा सही रुपमा चांजो पांजो नमिलाएसम्म त्यस संस्थाको उद्देश्य प्राप्त नहुन सक्छ, त्यसैले व्यवस्थापनलाई संस्थाको सफलताको कडी मानिन्छ । संगठनका लागि आवश्यक मानव शक्तिको विकास, परिचालन छनौट र कार्यान्वयन संग जोडिएको यावत क्रियाकलाप नै व्यवस्थापन हो भन्ने उल्लेख गरेको पाइन्छ ।

प्रारम्भिक बालविकास दिग्दर्शन पाठ्यक्रम (२०६२) का अनुसार प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भदेखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बाल्यावस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्बाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्नसकेमा मात्र उनीहरु पूर्ण मानव बन्न सक्दछन् । त्यसबाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्ति सम्भव हुन्छ यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ । हाम्रो परिवेशमा ३, ४ बर्षका बालबालिकाहरुलाई मात्र प्रारम्भिक बालविकास कार्यक्रम व्यबस्था भएकोले यी बालबालिकाको लागि कार्यक्रम सुनिश्चित गर्न प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको प्रावधानअनुरुप यस तहका लागि पाठ्यक्रम पुस्तिका तयार गरिएको छ । यस निर्देशन पुस्तिकाले पूर्वप्राथमिक कक्षाका बालबालिकाको अन्तरनिहित प्रतिभाको विकास गरी उनीहरुलाई आत्मविश्वासी, आफूलाई सुरक्षित  अनुभव गर्ने, स्वाभिमानी, सहयोगी तथा स्वावलम्बी बनाउन आवश्यक वातावरणको व्यवस्था गर्न सहयोगी र शिक्षकलाई मद्दत पुऱ्याउने तथ्य उल्लेख छ ।

सिंह, (२०६३) का अनुसार बालबालिकाहरुको २ वर्षदेखि ६ वर्षसम्मको अवस्थालाई पूर्वबाल्यावस्था भनिन्छ । यस अवस्थामा बच्चाको व्यवहार, भावना, रुची तथा क्षमताहरुको ढाँचामा मुख्य परिवर्तनहरु देखा पर्छन् । यसको कारण के हो भने बच्चाहरु घरेलु वातावरण छाडेर विद्यालयको नयाँ वातावरणमा प्रवेश गर्दा आउने परिवर्तन हो । यो अवस्था विद्यालय जाने उमेर पुग्ने अवस्था भएकोले यसलाई पूर्वविद्यालयको अवस्था पनि भनिन्छ । यसै प्रकारले यो उमेर बालबालिकाको समूहमा खेल्न बढी मन पराउने उमेर हो । यस अवस्थामा

अरुको नक्कल जस्ताको तस्तै गर्ने पनि भनिन्छ । सामाजिक समायोजनका लागि धेरै कुराहरु बच्चाहरुले यस अवस्थामा सिक्ने भएकोले यो अवस्था ज्यादै महत्वपूर्ण मानिएको छ भनि उल्लेख गरिएको छ ।

श्रेष्ठ, २०६१/६२ का अनुसार दशौं योजनामा शिक्षा तथा खेलकुदको व्यवस्था अन्तर्गत पूर्वप्राथमिक शिक्षा कक्षा १ मा भर्ना हुने विद्यार्थीमध्ये ४० प्रतिशत बालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षाका सहभागीबाट आउने व्यवस्था मिलाउन बालविकास केन्द्रको संख्या १३००० पुऱ्याउने, सबै प्राथमिक विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई अभिमुखीकरण तालिम दिने, २ लाख ६६ हजार अभिभावकलाई अभिभाव शिक्षा प्रदान गर्ने र सन २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने सरकारको घोषित नीतिलाई अन्तराष्ट्रिय रुपमा कार्यान्वयन गर्दै लैजाने र तदअनुरुप संस्थागत व्यवस्थापकीय एवं भौतिक आधारहरुमा सुधार गर्ने, स्थानीय निकायहरुको सहभागितामा बालविकास केन्द्रहरु स्थापना गर्ने र सामुदायिक विद्यालयहरुमा स्थानीय स्रोतबाट एक वर्षे पूर्वप्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गर्ने भनि उल्लेख गरिएको पाइन्छ ।

शर्मा, (२०६२) का अनुसार शैक्षिक व्यवस्थापन, शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलतापूर्वक संचालन गर्ने प्रक्रिया हो । योजना, संगठन, नियुक्ति, नियन्त्रणको प्रभावकारितामा शैक्षिक उद्देश्य प्राप्त गर्नु एक प्रक्रियाको रुपमा शैक्षिक व्यवस्थापन रहेको हुन्छ । तसर्थ शैक्षिक व्यवस्थापनले सिधै शिक्षा क्षेत्रको व्यवस्थापनलाई समेटेको हुन्छ । "शैक्षिक व्यवस्थापन बालकको बृद्धि र विकासलाई प्रभावित गर्ने सम्पूर्ण तत्वहरुको अध्ययन र सुधार गर्ने एउटा मुख्य दक्ष प्राविधीक सेवा हो भनि उल्लेख गरिएको पाइन्छ ।

यसरी बालविकास केन्द्रसम्बन्धि विभिन्न दृष्टिकोण र व्यवस्थाहरु गरिएको पाईन्छ । बालबालिकाको शारीरिक, बौद्धिक विकासका लागि गरिएको व्यवस्था र लिईएको चासोले उनीहरुको जीवनको जग बसाल्ने अवस्थाको रुपमा पूर्व वाल्यावस्थालाई लिइएको पाइन्छ । बालबालिकाको जीवनमा जग बसाल्ने जिम्मा बालविकास केन्द्र मार्फत विद्यालय र समुदायलाई सुम्पिएको छ । यो उमेरमा उनीहरुको मूल्य मान्यताको कुराहरु साथै सामाजिक व्यवहार, भाषा र सोच्ने क्षमतामा तिब्र गतिमा बिकास हुने गर्दछ ।

यस अध्ययनका क्रममा नयाँ नयाँ अनुसन्धान भएका सन्दर्भ सामग्री, शिक्षा, मनोविज्ञान र व्यवस्थापनसम्बन्धि प्रकाशित लेख, रचना, अप्रकाशित सामग्री साथै इमेल इन्टरनेट समेतबाट साहित्यपुनरावलोकन गरी प्रस्तुत गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा बालमनोवैज्ञानिक मारिया मन्टेश्वरीको शिक्षण विधिलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त संग समायोजन गराई अध्ययनको आधार बनाएको छ ।

मारिया मन्टेश्वरीले पूर्वप्राथमिक विद्यालयका बालबालिकाहरुलाई शिक्षण गर्ने नयाँ पद्धतिको विकास गरेकीले उनी बाल शिक्षा शास्त्रीका रुपमा प्रख्यात छिन् । सन १८७० मा इटलीमा जन्मिएकी मारिया मन्टेश्वरीले इटलीको रोम युनिभर्सिटीमा मानव शास्त्र विषयकी प्राध्यापिका भएर काम गरेकी थिइन् । अस्पतालमा चिकित्सकको रुपमा कार्यको सिलसिलामा मन्द बुद्धि भएका बालबालिकाहरुसंगको प्रत्यक्ष सम्पर्कले उनले सुस्त मनस्थितिका बच्चाहरुको बारेमा अनुसन्धानको थालनी गरिन् । त्यसपछि उनी ती बालबालिकाहरुलाई कसरी शिक्षण गर्ने भन्ने शिक्षण विधिसम्बन्धि खोजी गर्न थालिन् । आमा बाबु काममा गएको बेला सडकमा हो-हल्ला गर्ने बालबालिकाका लागि खोलिएको चिल्ड्रेन हाउस नामक विद्यालयको उनी सन् १९०६ मा सुपरभाइजर भइन् । त्यस विद्यालयमा पनि उनले बालबालिकाहरुको मानसिक तथा शारीरिक प्रकृतिको गहिरो अध्ययन गरिन् । यसरी आफै बालमनोवैज्ञानिक तथा निरीक्षक भएर बालबलिकाहरुलाई इन्द्रिय तालिम प्रक्रिया सञ्चालन गर्न थालिन् । उनले विशेषतः मन्द बुद्धिका विद्यार्थीहरुलाई सिकाउन प्रयोग गरेका शिक्षण विधि अरु विद्यार्थीलाई प्रयोग गर्दा पनि प्रभावकारी देखिएपछि उनको चिन्तन र दर्शनलाई इटली सरकारबाट मान्यता प्राप्त भयो । त्यस पश्चातः सन् १९२२ मा उनी शिशु विद्यालयको इन्स्पेक्टर भइन् । उनले त्यहाँ आफ्नो शिक्षण विधि प्रयोग गरिन् । उनले हल्याण्ड र भारतमा पनि मन्टेश्वरी शिक्षा पद्धति लागू गर्न विद्यालय खोलिन् । उनले सन् १९३९ देखि १९५१ सम्म भारतको मद्रास (चेन्नई)मा मन्टेश्वरी विद्यालय खोली बच्चालाई

पढाउने र शिक्षकलाई तालिम दिने काम गरिन् । बालमनोविज्ञान र शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान गरेकी मारिया मन्टेश्वरीको सन १९५२ मा बेलायतमा निधन भयो ।

मारिया मन्टेश्वरीले प्रतिपादन गरेका सिद्धान्तहरु निम्न बमोजिम रहेका छन् ।

**क) अन्तरनिहीत विकासको सिद्धान्त**

यस सिद्धान्तले बालक आफैंमा क्षमतावान हुन सक्छन् बालकमा रहेको अन्तर निहित प्रतिभालाई प्रष्फुटन गर्ने उपयुक्त वातावरण आवश्यक बालसखा चाहिन्छ ।

**ख) स्वतन्त्रताको सिद्धान्त**

स्वतन्त्रता बालकको जन्मसिद्ध अधिकार हो उसलाई विना रोकतोक सिक्ने अवसर प्रदान गर्नु पर्दछ ।

**ग) दण्ड सजाय रहित सिकाइको सिद्धान्त**

बालबालिकाका लागि शारीरिक र मानसिक कुनै प्रकारका सजाय दिनु हुदैन भय रहित र मनोरञ्जतात्मक बातावरणमा सिकाई प्रक्रिया सञ्चालन गर्नु आवश्यक हुन्छ ।

**घ) व्यक्तित्व विकासको सिद्धान्त**

प्रत्येक बालबालिकामा व्यक्तिगत विभिन्नताहरु रहेका हुन्छन् यसलाई स्वातन्त्रतापूर्वक व्यक्तित्व विकासको अवसर प्रदान गर्न शिक्षकले निर्देशित भूमिका निर्वाह गर्नुपर्दछ ।

**ङ) स्वःशिक्षाको सिद्धान्त**

स्वःशिक्षा वा स्वचालित शिक्षा नै वास्तवविक शिक्षा हो । बालकले आफु वरिपरिको वातावरणबाट पनि धेरै कुराहरु सिक्न सक्छ ।

**च) चेतनाको सिद्धान्त**

बालकमा चेतनाको ढोका जहिले पनि खुला हुन्छ । विशेष गरेर ३ देखि ७ वर्ष उमेर समूहका बालबालिकामा ज्ञानको विकास निकै सक्रियरुपमा रहेको हुन्छ ।

छ)  **मांशपेशी चलाउने तालिम सम्बन्धि सिद्धान्त**

स-साना बालबालिकालाई शुरुशुरुमा हिड्न, दौडन र शरीरका अङ्ग प्रत्यङ्ग चलाउन सिकाउनु पर्दछ जसबाट उसले लेख्ने, चित्र कोर्ने र बोल्ने सीप हासिल गर्दछ ।

यस्तै मारिया मन्टेश्वरीले बालबालिकाले अध्ययनगर्ने ठाउँलाई चिल्ड्रेन होम्स भन्ने नामाकरण गरेकी छन् । हाम्रो सन्दर्भमा यसलाई बालविकास केन्द्र भनेर बुझ्दा पनि हुन्छ । चिल्ड्रेन हाउसमा प्रयोगशाला, शयन कक्ष, खाना खाने कक्ष, आराम कक्ष, स्नान कक्ष, बालउद्यान, खेलकुद मैदान, शैक्षिक तथा खेलकुदका सामग्री आदिको समुचित प्रवन्ध हुनु पर्नेमा जोड दिएकी छन् ।

यसरी मारिया मन्टेश्वरीले बालबालिकाको उमेर, रुची, आवश्यकतालाई बालमनोवैज्ञानिक ढंगले अध्ययन अनुसन्धान र विश्लेषण गरी सफल कार्यान्वयन गरेकी हुँदा यो सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक र उपयोगी भएकोले यसलाई बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको सिद्धान्तसंग जोड्न उपयुक्त ठानिएको छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकनले हालसम्म बालविकासको क्षेत्रमा भए गरेका प्रयासहरुबारे महत्वपूर्ण जानकारी हासिल गर्न सहयोग पुऱ्यायो । बालविकास सिद्धान्त विश्वव्यापी मूल्य र मान्यताका आधारित सिद्धान्त भएकाले यसको क्षेत्र निकै फराकिलो रहेको छ । यस्तो अवस्थामा स-साना इकाइमा विभाजन गरी निश्चित सीमाभित्र रहेर गरिने अध्ययनले सबैक्षेत्रलाई प्रतिनिधित्व गर्न चुनौतीपूर्ण हुन्छ । एउटा वातावरण र परिवेश अर्को परिस्थितीमा फरक पर्न पनि सक्छ तर आधारभूत मूल्य र मान्यताहरुलाई अनुसरण गर्दा अध्ययनलाई सहयोग पुग्न गएको छ । भनिन्छ आवश्यकता नै आविष्कारकी जननी हुन् । समस्या धेरै छन् । धेरै समस्या मध्ये बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन पनि एउटा समस्याको रुपमा देखा परेको छ । यसै कुरालाई दृष्टिगत गरी बालविकासको क्षेत्रमा सरोकार राख्ने साहित्यहरु मध्ये उपलब्ध र सम्भव भएसम्मका साहित्यहरुलाई यस अध्ययनको पृष्ठपोषणको रुपमा लिइएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

अध्ययनकार्यलाई व्यवस्थित गरी लक्षित उद्देश्य हाँसिल गर्नका लागि महत्वपूर्ण भूमिका रहेको हुन्छ । विषयवस्तुको सान्दर्भिकतासंग मेल खानेगरी उपयुक्तखालको अध्ययन विधिको छनौट गर्न सकेमा मात्र अध्ययनले पूर्णता प्राप्त गर्न सक्छ । बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन सम्बन्धि अध्ययनमा उपयुक्त अध्ययन विधिको छनौट गरी व्याख्या र विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

## ३.१ अनुसन्धानको ढांचा

कुनै पनि अनुसन्धान कार्यको उद्देश्य भैरहेका तथ्य र तथ्याङ्कहरुको विश्लेषण गर्दै उपलब्ध स्रोत र साधनको अधिकतमा उपयोग गरी नयां कुरा पत्ता लगाउनु हो । त्यसका लागि आवश्यक योजना, कार्यक्रम र रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना र तयारी बिना गरिने अनुसन्धानबाट निश्चित लक्ष्य हासिल हुन सक्दैन । यो अनुसन्धान बर्णनात्मक प्रकृतिको छ । यो अध्ययन वर्णनात्मक हुनुमा अध्ययनको क्रममा उपलब्ध हुने तथ्याङ्कको विश्लेषणलाई भन्दा पनि तथ्यहरुलाई बढी जोड दिइएको छ । शैक्षिक व्यवस्थापनको अध्ययन आफैमा एउटा तथ्यमा आधारित हुने भएकोले पनि वर्णनात्मक पक्षलाई जोड दिई अध्ययनलाई सरलीकरण र सहजीकरण गर्नको लागि गुणात्मक अनुसन्धानात्मक ढाँचा अपनाइएको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट प्रक्रिया

जिल्ला शिक्षा कार्यालय रुपन्देही अन्तर्गत पर्ने धकधई स्रोत केन्द्रमा रहेका ४६ वटा विद्यालयहरुमा सञ्चालित ६४ वटा बालविकास केन्द्र मध्ये उक्त स्रोत केन्द्रको केरवानी गा.वि.स. अन्तर्गतका १० वटा सामुदायिक विद्यालयका बालबालिका वि.व्य.स.का अध्यक्ष, प्र.अ., सहयोगी कार्यकर्ता, स्रोत व्यक्ति, वि.नि. र अभिभावक यस अनुसन्धानका सम्बन्धित

जनसंख्या हुन् । आर्थिक अभाव, दक्ष मानवीय संसाधनको अभाव समयको अभाव आदि कारणले गर्दा अध्ययनको ठूलो क्षेत्र ओगट्न सम्भव नभएकोले सीमित स्रोत र साधनलाई मध्यनजर राख्दै निम्न बमोजिम उत्तरदाताहरु अध्ययनको नमुनाको रुपमा प्रयोग गरिएको छ ।

यस अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष १० जना, प्र.अ. १० जना, सहयोगी कार्यकर्ता १२, अभिभावक १० जना, सम्बन्धित क्षेत्रका वि.नि. १ जना र स्रोत व्यक्ति १ जना गरी जम्मा ४४ जनालाई अध्ययनको नमूनाको रुपमा लिइएको थियो । छनौटमा परेका विद्यालयहरुको विवरण अनुसूची १ मा देखाईएको छ ।

## ३.३ अध्ययनको साधनको निर्माण

अध्ययनकार्यलाई पूर्णरुप दिन निम्नानुसारका साधनहरुको निर्माण गरी उक्त साधनहरुलाई सम्बन्धित विषय विशेषज्ञ तथा शोध निर्देशकको राय सुझाव अनुसार परिमार्जन गरी निम्नानुसार अध्ययनका साधनहरुको विश्वसनियता तथा वैधता स्थापित गरिएको थियो ।

### क) अन्तर्वार्ता प्रश्नावली

यस अन्तर्गत छनौटमा परेका बालविकास केन्द्रका १० जना अभिभावक, १२ जना सहयोगी कार्यकर्ता, १० जना वि.व्य.स. अध्यक्ष, १० जना प्रधानाध्यापक र वि.नि./स्रोत व्यक्ति १/१ जना गरी जम्मा ४४ जना संग अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी सो को जवाफ प्राप्त भयो ।

### ख) छनौटमा परेका बालविकास केन्द्रका विद्यार्थी विवरण

यस अन्तर्गत छनौटमा परेका १० वटा बालविकास केन्द्रको २०६५, २०६६ र २०६७ सालको विद्यार्थी विवरण सङ्कलन गरिएको थियो । प्राप्त विवरण अनुसार २०६५ मा ३१४ जना, २०६६ मा २९३ जना र २०६७ मा २७९ जना रहेको तथ्याङ्क प्राप्त भयो । तथ्याङ्क अनुसार प्रत्येक वर्ष २१ र १४ का दरले विद्यार्थी संख्या घट्दो दरमा रहेको पाइयो ।

### ग) सहयोगी कार्यकर्ता सम्बन्धी विवरण

यस अन्तर्गत १० वटा बालविकास केन्द्रमा १२ जना सहयोगी कार्यकर्ता रहेको जसमध्ये विद्यार्थी संख्याको अनुपातमा लक्ष्मि प्रा.वि. र शान्तिप्रीय प्रा.वि.मा २/२ जना सहयोगी कार्यकर्ता रहेको पाइयो । विवरणमा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता निन्यूनतम ९ कक्षा उत्तिर्ण देखि I.Ed. सम्म रहेको पाइयो । यसै गरी सहयोगी कार्यकर्ताले ७ देखि १७ दिन सम्मको तालिम लिएको र अधिकतम ६ वर्ष सम्म अनुभव हाँसिल गरेको पाइयो । यसैगरी काम गर्ने समय न्यूनतम ३ देखि ६ घण्टासम्म रहेको पाइयो । थप पारिश्रमिकको हकमा न्यूनतम २०० देखि १८०० सम्म विद्यालयले थपेर दिने गरेको पाइयो ।

### घ) अवलोकन रुजु सूची

यस अन्तर्गत छनौटमा परेका बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापनको अवस्था, खेलकुद तथा शैक्षिक सामाग्री निर्माण र उपयोगको अवस्था, पाठ्यक्रम, निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्थालाई उत्तम, मध्यम, सामान्य र कमजोर गरी चार वर्गमा विभाजन गरी विवरण सङ्कलन गरिएको थियो । प्राप्त विवरण अनुसार कक्षा कोठा व्यवस्थापनको अवस्था १० प्रतिशत उत्तम, ३० प्रतिशत मध्यम, ४० प्रतिशत सामान्य, २० प्रतिशत कमजोर रहेको पाइयो । यस्तै गरी शैक्षिक सामाग्री निर्माण र उपयोगको अवस्थामा १० प्रतिशत उत्तम, २० प्रतिशत मध्यम, २० प्रतिशत सामान्य र ५० प्रतिशत कमजोर रहेको पाइयो । यस्तै पाठ्यक्रम निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्थामा १० प्रतिशत उत्तम, १० प्रतिशत मध्यम, १० प्रतिशत सामान्य र ७० प्रतिशत कमजोर अवस्थामा रहेको पाइयो ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरु

### क) प्रथमिक स्रोत

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवं जानकारीहरु प्राप्त गर्नका लागि प्राथमिक एवं द्वितीय स्रोतको परिचालन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत तथ्याङ्क सङ्कलनका लागि लिखित अन्तर्वार्ता प्रश्नावली तयार गरी स्रोतकर्ताले स्वयं छनौटमा परेका विद्यालयका बालविकास केन्द्रमा उपस्थित भई अन्तर्वार्ता प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै सहयोगी कार्यकर्ताको लागि अनुसूची ३ अनुसारको अन्तर्वार्ता प्रश्नावली भराइएको थियो । त्यसैगरी वि.व्य.स. अध्यक्ष, प्र.अ., वि.नि. र स्रोत व्यक्तिका

लागि अनुसूची ४ अनुसारको एकै किसिमको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको थियो । यस्तै प्रकारले छनौटमा परेका विद्यालयका बालविकास केन्द्रको २०६५, २०६६ र २०६७ सालको विद्यार्थी संख्या सम्बन्धि विवरण अनुसूची ५ मा सहयोगी कार्यकर्ता सम्बन्धि विवरण अनुसूची ६ मा र बालविकास केन्द्र अवलोकन रुजु सूची अनुसूची ७ मा संलग्न भएबमोजिम प्रयोग गरिएको थियो ।

**ख) द्धितीय स्रोत**

द्धितीय श्रोत अन्तर्गत अनुसन्धान संग सम्बन्धित विद्यालयका अभिलेखहरु पत्रपत्रिकाहरु, लेख रचनाहरु, बुलेटिनहरु, अप्रकाशित शोध पत्रहरु एवं सम्बन्धित प्रतिवेदनहरुलाई आधार लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक सूचना सङ्कलनका लागि छनोट गरिएका विद्यालय अन्तर्गतका बालविकास केन्द्रका वि.व्य.स. अध्यक्ष, प्र.अ., सहयोगी कार्यकर्ता, अभिभावक, बिद्यालय निरीक्षक र स्रोत व्यक्तिहरुलाई अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्रथमिक सूचना सङ्कलन गरिएको छ । द्वितीय सूचना सङ्कलनका लागि विभिन्न लेखहरु, पत्रपत्रिका, इ-मेल, इन्टरनेटबाट सङ्कलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त भएका सूचना वा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरि अव्यवहारिक, अस्पष्ट र अनावश्यक तथ्याङ्कहलाई प्रशोधन वा छनोट गरी स्पष्ट, पूर्ण र व्यवस्थित बनाइएको थियो । अध्ययनको लागि सङ्कलन गरिएका तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएको अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको थियो । तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्क शास्त्रीय मापन तथा गणितीय प्रणालीको प्रयोग गरिको छैन । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सीमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलित गराइएको छ । उपलब्ध तथ्याङ्कहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन नामक यस शोध अध्ययन जिल्ला शिक्षा कार्यालय रुपन्देही, स्रोत केन्द्र धकधई अन्तर्गत पर्ने केरवानी गा.वि.स.मा रहेका १० वटा सामुदायिक विद्यालयमा बालविकास केन्द्र सञ्चालनका मुख्य सरोकारवालाहरुसंग प्रत्यक्ष भेटेर अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकन रुजु सूचीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुलाई तोकिएको उद्देश्य बमोजिम निम्नअनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थिति

सबै भन्दा पछिल्लो औपचारिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६७/०६८ को प्रस्तुत बजेटमा सामाजिक सुरक्षा शिर्षकमा देशभरिका विपन्न दलित र कर्णाली अञ्चलका सबै परिवारका पाँच वर्षमुनिका बालबालिकाहरुलाई लक्षित गरि गतवर्ष शुरु गरिएको "बाल संरक्षण अनुदान" निरन्तर छ । त्यसै गरि उक्त बजेटको "गरिमामय जीवनका लागि गुणस्तरीय शिक्षा" शीर्षक अन्तर्गत शिक्षा क्षेत्रको लागि रु. ५७ अर्ब ६५ करोड बजेट व्यवस्था छुट्टाइएको छ । जुन रकम कुल बजेटको १७.१ प्रतिशतले हुन आउँछ । यो रकम गत वर्षको खर्चको तुलनामा २४.५प्रतिशतले बढी छ । आर्थिक र सामाजिक हिसाबले अति विपन्न वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच विस्तार गर्न हाल सञ्चालनमा रहेका २६ हजार ७ सय ७३ बालविकास केन्द्रलाई निरन्तरता दिएको तथा चालु वर्षमा थप दुई हजार बालविकास केन्द्रहरु स्थापना गर्ने व्यवस्था मिलाइएको पाइन्छ भनी उल्लेख गरेको पाइन्छ । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालविकास तथा विकास/मन्टेश्वरी, किन्नरगार्डेन, पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्ने निजी तथा संस्थागत विद्यालयहरुको योगदान पनि उल्लेख्य रुपमा रहेको पाइन्छ (कान्तिपुर दैनिक, ५ मंसिर २०६७)

यस अध्ययनमा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थितिको लेखाजोखा निम्नअनुसार उपशीर्षकहरुमा रहेर गरिएको छ ।

### ४.१.१ सहयोगी कार्यकर्ताको नियुक्ति प्रक्रिया

बालविकास केन्द्रमा बालबालिकालाई पढाउनका लागि प्रत्येक बालविकास केन्द्रमा प्रति कक्षा एक जना सहयोगी कार्यकर्ताको नियुक्ति गरिन्छ । बालविकास निर्देशिका (२०६१) मा सहयोगी कार्यकर्ता नियुक्तिको स्पष्ट प्रावधान उल्लेख गरिएको पाइन्छ । सामान्यतया नेपाल सरकार शिक्षा मन्त्रालय मार्फत प्रत्येक जिल्लाहरुमा जिल्ला शिक्षा कार्यालयलाई निश्चित बालविकास केन्द्र कोटा उपलब्ध गराइन्छ र त्यसरी जिल्लालाई प्राप्त कोटहरुमध्ये विद्यालय मार्फत सञ्चालन गरिने कोटाका लागि कोटा स्वीकृत गर्नुभन्दा पहिले स्थानीय आवश्यकतालाई महशुस गरि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका (२०६१) को अनुसूची १ बमोजिम प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि निवेदनको ढाँचा अनुरुप फारम भरि प्राप्त भएका निवेदनका आधारमा सम्बन्धित विद्यालयलाई कोटा उपलब्ध गराइन्छ । यसरी प्राप्त कोटामा सहयोगी कार्यकर्तालाई जिल्ला शिक्षा कार्यालयले एक हप्तासम्म तालिम दिई सहयोगी कार्यकर्ता पदमा नियुक्ति गरेको पाइयो ।

सहयोगी कार्यकर्ताको नियुक्ति सम्बन्धमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धि निर्देशिका २०६१ को परिच्छेद ७ को नियम ३० मा यसरी उल्लेख गरेको पाइन्छ । सहयोगी कार्यकर्ताको नियुक्ति केन्द्र व्यवस्थापन समितिले कम्तिमा कक्षा ८ उत्तीर्ण गरेको स्थानीय उमेदवारलाई देहायबमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने प्रावधान छ ।

क) नियुक्ति गर्नु अघि कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी इच्छुक सबै उमेदवारबाट निवेदन आह्वान गर्ने ।

ख) निर्देशिकाको ३० (१) बमोजिम सूचना प्रकाशित गर्दा उमेदवारको लागि चाहिने शैक्षिक योग्यता, सेवाको शर्त, र सुविधा समेत उल्लेख गर्ने ।

ग) कम्तिमा ३ जना व्यक्ति रहेको सहयोगी कार्यकर्ता छनौट समिति गठन गरी सो को सिफारिसमा सहयोगी कार्यकर्ता नियुक्ति गर्ने ।

घ) स्थानीय महिलालाई प्राथमिकता दिने ।

ङ) कम्तिमा १ वर्ष काम गर्ने कबुलियत गराई नियुक्ति दिने ।

अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयहरुमा सहयोगी कार्यकर्ताको छनौटको प्रक्रिया माथि उल्लेखित प्रावधान अनुरुप नै सबै बालविकास केन्द्रमा रित पूर्वक सहयोगी कार्यकर्ता नियुक्ति गरेको तथ्य अध्ययनमा संलग्न सवै विद्यालयका प्र.अ.हरुले व्यक्त गरेका छन् ।

### ४.१.२ सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता र तालिम

बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताका लागि न्यूनतम शैक्षिक योग्यता कक्षा आठ उत्तीर्ण हुनु पर्ने प्रावधान रहे पनि यस अध्ययनको क्रममा कक्षा ९ पास देखि आइ.एड. सम्मको शैक्षिक योग्यता भएका स्थानीय, विवाहित महिलाहरुबाट कक्षा सञ्चालन भएको पाइयो (अनुसूची ६)

बालविकास सम्बन्धि पूर्व अनुसन्धान बाट पनि समुदायमा आधारित प्रारम्भिक बालविकास कक्षा, सामुदायिक विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा तथा संस्थागत विद्यालयमा आधारित किन्डर गार्डेन तथा मन्टेश्वरी जस्ता बालविकास कक्षा सञ्चालनमा शिक्षा सम्बन्धि राम्रो अनुभव भएको योग्य तालिम प्राप्त शिक्षकबाट मात्र बालमनोविज्ञानलाई बुझि कुशल शिक्षण हुन सक्ने धारणा सरोकारवालाबाट पाइयो ।

### ४.१.३ सहयोगी कार्यकर्ताको पारिश्रमिकको व्यवस्था

सहयोगी कार्यकर्ताको पारिश्रमिकको अवस्था सम्बन्धमा सहयोगी कार्यकर्ताहरुको फरक फरक अवस्था र धारणाहरु पाइयो । अनुसूची ६ अनुसार छनौटमा परेका बालविकास केन्द्रमध्ये ५० प्रतिशत बालविकास केन्द्रमा नेपाल सरकारले तोकेको रु. १८०० मात्र पारिश्रमिक दिने गरेको पाइयो भने अन्य बालविकास केन्द्रमा रु. २०० देखि १८०० सम्म विद्यालयले थप पारिश्रमिक दिने गरेको पाइयो ।

यति थोरै पारिश्रमिकमा काम गर्दा तपाईको के गुनासो छ भनी सहयोगी कार्यकर्तालाई प्रश्न गर्दा शैक्षिक बेरोजगारीले गर्दा बाध्य भएर काम गर्नु परेको र कम तलबमा काम गर्दा

हिनताबोध हुने गरेको धारणा पाइयो । यस्तै पारिश्रमिक सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.लाई किन यति थोरै पारिश्रमिक दिनुभएको भनी प्रश्न गर्दा प्रायः सबै विद्यालयका अध्यक्ष र प्र.अ.ले विद्यालयमा आर्थिक श्रोत प्रयाप्त नभएको, विद्यालयको अन्य भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने भएकोले कम पारिश्रमिक दिन बाध्य हुनु परेको धारण व्यक्त गरेको पाइयो ।

अनुसूची ६ अनुसार ३ घण्टा देखि ६ घण्टा सम्म सहयोगी कार्यकर्ताले काम गर्ने गरेको पाइयो । यसरी कम पारिश्रमिकमा धेरै समय काम गर्नु परेको गुनासो सहयोगी कार्यकर्ताबाट पाइयो । यस्तै सहयोगी कार्यकर्ताको अनुभव सम्बन्धमा अनुसूची ६ मा उल्लेख भए अनुसार ९० प्रतिशत सहयोगी कार्यकर्ताले ६ वर्ष सम्म लगातार काम गरेको र १० प्रतिशतले भर्खर-भर्खर सेवा सुरु गरेको पाइयो । यसैगरी सहयोगी कार्यकर्ताको अनुपस्थितिमा बालविकास केन्द्रको कक्षा सञ्चालनको व्यवस्था के छ भन्ने सम्बन्धमा प्र.अ., सहयोगी कार्यकर्ता र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट उक्त अवस्थामा विद्यालयका अन्य शिक्षकबाट कक्षा सञ्चालन हुने गरेको धारणा पाइयो ।

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सहयोगी कार्यकर्ताको भूमिका महत्वपूर्ण हुने हुँदा सहयोगी कार्यकर्तालाई पूर्वसेवाकालीन, सेवाकालीन र पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने धारणाहरु सहयोगी कार्यकर्ताको रहेको पाइयो ।

सहयोगी कार्यकर्ताको आशा एवं अपेक्षा कस्तो छ भनी बुझ्दा उनीहरु विद्यालयका अन्य प्राथमिक शिक्षक सरह नियुक्ति पाउनु पर्ने र न्यूनतम रुपमा प्राथमिक शिक्षक सरह तलब भत्ता सुविधा पाउनु पर्ने धारणा राख्दछन्, जुन मानसिब पनि छ ।

### ४.१.४ विद्यार्थी संख्याको स्थिति

शोध अध्ययनको क्रममा छनौट भएका विद्यालयहरुको विद्यार्थी संख्याको विद्यालयको अभिलेख र स्रोत केन्द्रको अभिलेख अनुसार शैक्षिक वर्ष २०६५, २०६६ र २०६७ को गरी तीन वर्षको अवधिलाई आधार मानि सङ्कलन गरिएको विद्यार्थी संख्याको स्थिति अनुसूची ५

मा उल्लेख गरिएको छ । सामान्यतयाः ३० जना विद्यार्थी संख्या भाएका विद्यालयलाई बालविकास केन्द्रको एउटा कोटामा सम्बन्धित बालविकास केन्द्रले प्रक्रिया पूरा गरी एक जना सहयोगी कार्यकर्ता राख्न पाउने प्रावधान अनुसार १० वटा विद्यालयमा रहेका १० वटा बालविकास केन्द्रमा १२ जना सहयोगी कार्यकर्ता कार्यरत रहेको पाइयो । सञ्चालित बालविकास केन्द्रमध्ये श्री शान्ति प्रिय प्रा.वि. केरवानी ८ सिंगाहा र श्री लक्ष्मी प्रा.वि. केरवानी २ लक्ष्मी टोलमा विद्यार्थी संख्याको आधारमा २/२ वटा सहयोगी कार्यकर्ता कार्यरत रहेको पाइयो । सञ्चालित बालविकास केन्द्रमध्ये शान्तिप्रिय प्रा.वि. बाहेक अन्य बालविकास केन्द्रमा विद्यार्थी संख्याको अनुपात घट्दो दरमा रहेको पाइयो । यसै गरि सञ्चालित बालविकास केन्द्रमा २०६५, २०६६ र २०६७ सालमा क्रमशः प्रत्येक वर्ष विद्यार्थी संख्या ३१४ जना, २९३ जना र ३७९ रहेको छ । जसले प्रतिवर्ष क्रमशः २१ र १४ जनाका दरले घट्दो क्रममा रहेको पाइन्छ । विद्यार्थी संख्या घट्नको कारण के होला भनी भविष्य निर्माण उच्च मा.वि. का प्राचार्य संगको जिज्ञासामा विद्यालयदेखि १५ मीनेट नजिकैको पैदल दुरीमा ४ वटा सामुदायिक विद्यालयहरु र तीन वटा संस्थागत विद्यालयहरु भएको हुँदा विद्यार्थी संख्या घटेको हो भन्ने प्रतिक्रिया पाइयो ।

यस्तै शान्ति प्रिय प्रा.वि.का प्र.अ.लाई यस क्षेत्रका सबै विद्यालयहरुमा बालविकास केन्द्रमा विद्यार्थी संख्या कम हुँदा तपाईको विद्यालयमा विद्यार्थी संख्या बढी हुनुको कारण के होला भनी जिज्ञासा राख्दा विद्यालयमा बालविकास केन्द्रदेखि कक्षा १ हुँदै ५ कक्षा सम्मका सबै बालबालिकालाई विद्यालय पोशाक र दिउँसोको खाजाको व्यवस्थाका साथै तालिम प्राप्त सहयोगी कार्यकर्ताबाट बालमैत्रीपूर्ण वातावरणमा खेलकुद र मनोरञ्जनको माध्यमबाट शिक्षण गर्नुका साथै बसाइ, खानेपानी र शौचालयको राम्रो प्रवन्ध छ, त्यसैले विद्यार्थी संख्यामा कमी नभएको प्रतिक्रिया पाइयो ।

यसरी सञ्चालित बालविकास केन्द्रमा रहेका विद्यार्थी संख्याको विश्लेषण गर्दा शैक्षिक व्यवस्थापनमा राम्रो ध्यान दिन सकेको खण्डमा विद्यार्थी संख्याको सन्तुलन कायम हुने र व्यवस्थापनको प्रभाव विद्यार्थीको सिकाइमा सकरात्मक रुपमा पर्ने पाइयो ।

### ४.१.५ कक्षा कोठा व्यवस्थापनको अवस्था

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा कक्षाकोठाको व्यवस्थापन महत्वपूर्ण पक्ष हो । त्यसैले अध्ययनको क्रममा छनौटमा परेका बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापनको अवस्था शैक्षिक सामग्रीको निर्माण र प्रयोगको अवस्था अवलोकन गरी प्राप्त सूचनालाई निम्न बमोजिम व्याख्या, विश्लेषण गरिएको  छ (अनुसूची ७) ।

कक्षाकोठाको व्यवस्थापनका सम्बन्धमा अवलोकन गर्दा १० प्रतिशत बालविकास केन्द्रमा उत्तम ३० प्रतिशतमा मध्यम ४० प्रतिशतमा सामान्य र २० प्रतिशतमा कमजोर रहेको पाइयो । सामान्यतयाः कार्पेटको व्यवस्था भएको उपयुक्त झ्याल ढोका र छाना भएको कक्षालाई उत्तम कक्षाको रुपमा लिइएको थियो । यसैगरी कक्षाकोठामा फर्निचरको व्यवस्था र छुट्टै कक्षाकोठा भएको लाई मध्यम कक्षाको रुपमा लिइएको थियो, यस्तै सामान्य फर्निचरको व्यवस्था भएको उपयुक्त झ्याल, ढोका नभएको कक्षालाई सामान्य र छुट्टै कक्षाकोठा र फर्निचरको कुनै पनि व्यवस्था नभएको कक्षालाई कमजोर कक्षाको रुपमा लिइएको थियो । सञ्चालित बालविकास केन्द्रमध्ये कतिपय बालविकास केन्द्रमा बालविकास कक्षालाई शिशु कक्षा पनि भन्ने गरेको पाइयो ।

कुनै बालविकास केन्द्रमा बालविकास केन्द्रको लक्ष्य र उद्देश्य विपरित कक्षा १ का विद्यार्थीलाई एउटै कक्षामा गाभेर शिक्षण गरेको पाइयो । कतिपय बालविकास केन्द्रमा बालबालिका सिमेन्टको चिसो खाली भुइँमा बसेको पाइयो भने केही विद्यालयमा बालविकास कक्षाका बालबालिका बेञ्च डेस्कमा बस्ते गरेको र थोरै बालविकास केन्द्रमा भुँइमा कार्पेट विछ्याएर बसेको पाइयो । बालविकासको बसाइको सम्बन्धमा सरस्वती मा.वि.का प्र.अ.का अनुसार हाम्रो विद्यालयमा बालविकास कक्षाको लागि छुट्टै कक्षाकोठाको व्यवस्था गरिएको छ । उक्त कक्षामा बालबालिकाका लागि चित्र, पोष्टर र खेलकुदका सामग्रीको व्यवस्था गरिएको छ जसका कारण शिक्षण क्रियाकलापमा सहयोग पुग्न गएको प्रतिक्रिया पाइयो ।

यस्तै खड्ग मा.वि.का प्र.अ.लाई किन बालबालिकालाई कक्षा १ संगसंगै राख्नुभएको भनी प्रश्न गर्दा हाम्रो विद्यालयमा आर्थिक अभावका कारण कक्षाकोठा निर्माण कार्य अधुरो छ, बजेटको व्यवस्था भएपछि बसाइको व्यवस्था पनि सहज हुन्छ भन्ने प्रतिक्रिया प्राप्त भयो ।

### ४.१.६ खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था

कक्षा कोठाको वातावरण अनुपयुक्त र निरश भयो भने सिकाइ उपलब्धि हासिल गर्न सकिदैन, त्यसैले बालविकास कक्षाको शैक्षिक व्यवस्थापन गर्दा बालबालिकाले मनोरञ्जनात्मक तरिकबाट सिक्न सकुन भन्ने अभिप्रायबाट खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था कस्तो छ भनि छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको अवलोकन गर्दा निम्न अवस्था पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा खेलकुद तथा मनोरञ्जनका साधनहरुको अवस्था केही बालविकास केन्द्रमा सिमित मात्रामा खेलौना, बल र अक्षर कार्डहरु रहेको पाइयो । स.का. संग खेलकुद तथा मनोरञ्जनका साधनको अवस्था कस्तो छ भनि जिज्ञासा राख्दा सिमित मात्र रहेको भन्ने जवाफ पाइयो । शान्तिप्रिय प्रा.वि.मा सञ्चालित बालविकास केन्द्रमा भने खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था र प्रयोगको अवस्था सन्तोषजनक पाइयो । अध्ययनको क्रममा १० प्रतिशतमा उत्तम, २० प्रतिशतमा मध्यम, २० प्रतिशतमा सामान्य र ५० प्रतिशत बालविकास केन्द्रमा खेलकुद तथा शैक्षिक सामाग्री र मनोरञ्जनका साधनको अवस्था कमजोर रहेको पाइयो । यही सम्बन्धमा विद्यालयका प्र.अ./हरुसंग जिज्ञासा राख्दा विद्यालयको स्रोत र साधनले भ्याएसम्म व्यवस्था गरेको तर भइरहेको व्यवस्था पर्याप्त नभएको स्वीकार गरेको धारणा सवै प्र.अ.बाट पाइयो ।

### ४.१.७ शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया

बालविकास केन्द्रले निर्धारण गरेका सिकाइ उपलब्धीहरु विद्यार्थीहरुलाई हासिल गराउनमा शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय तहको अन्य कक्षामा भन्दा भिन्न खालको शिक्षण विधि बालविकास केन्द्रमा अपनाउनु पर्ने हुन्छ ।

बालबालिकालाई खेल र गीत संगीतको माध्यमबाट बालकलाई क्रियासिल बनाई शिक्षण गर्नु आवश्यक हुन्छ । बाल केन्द्रित सिकाइ प्रक्रियाले बालबालिकाको चौतर्फि विकासमा मद्दत पुऱ्याउँछ । बालबालिकाको शारीरिक, भाषिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास गराउन सहयोग गर्दछ । बालबालिकाहरुमा आत्मविश्वास बढाउँछ, मनोबल उच्च बनाउँछ । उपयुक्त शिक्षण विधिले बालबालिकामा रहेको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन प्रशस्त अवसर प्रदान गर्दछ ।

शोधको क्रममा छनौट गरिएका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको अवलोकन गरि बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तासंग शिक्षण विधिको बारेमा जिज्ञासा राख्नुको साथै बालविकास केन्द्रको अवलोकनको क्रममा शैक्षिक सामग्रीको निर्माण र प्रयोगको सम्बन्धमा सञ्चालित बालविकास केन्द्रमा शैक्षिक सामग्रीको प्रयोग र निर्माणको अवस्था हेर्दा १० प्रतिशत बालविकास केन्द्रमा उत्तम, २० प्रतिशतमा मध्यम, २० प्रतिशत सामान्य र ५० प्रतिशत कमजोर रहेको पाइयो । त्यस्तै गरी पाठ्यक्रम, निर्देशिका र शिक्षण सामग्रीको अवस्था अनुसूची ७ मा उल्लेख भए बमोजिम मध्यम १० प्रतिशत, सामान्य २० प्रतिशत र ७० प्रतिशत कमजोर रहेको पाइयो । यसैगरी छनौटमा परेका अधिकांश विद्यालयहरुमा बालविकास केन्द्र पाठ्क्रम, शिक्षक निर्देशिका जस्ता शिक्षण सामग्रीहरुको अभाव रहेको पाइयो (अनुसूची ७ ) ।

त्यस्तै स-साना बालबालिकाका लागि खेलेर सिक्नको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको कमी रहेको पाइयो । यसैगरी  सहयोगी कार्यकर्ताले प्राय: अक्षर सिकाउने तरिका क ख रा गिन्ति र A B C D मात्र सिकाउने गरेको पाइयो । यस्तै केही  बालविकास  केन्द्रको  कक्षा कोठामा अक्षर, चित्र र चार्टहरु भित्तामा टाँसेको पाइयो । जसबाट बालबालिकालाई अक्षर चिन्न र सिक्नमा मद्दत पुगेको भन्ने जवाफ सहयोगी कार्यकर्ताबाट पाइयो । समसामयिक र उपयुक्त तालिमको अभावले गर्दा शिक्षण विधिमा सहयोगी कार्यकर्ता स्पष्ट नभएको पाइयो ।

शोध अध्ययनको क्रममा छनौटमा परेका बालविकास केन्द्रहरुमा शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया अनुसूची ७ मा रहेको अवलोकन रुजु सूची र सहयोगी कार्यकर्तासंग प्रत्यक्ष प्रश्नोत्तर गरी प्राप्त तथ्याङ्क अनुसार शिक्षण सामग्री निर्माण र प्रयोगको अवस्था उत्तम १०

प्रतिशत, मध्यम २० प्रतिशत, सामान्य २० प्रतिशत र कमजोर ५० प्रतिशत रहेको पाइयो भने पाठ्क्रम, निर्देशिका, शिक्षण विधिको प्रयोगको अवस्था उत्तम १० प्रतिशत, मध्यम १० प्रतिशत, सामान्य १० प्रतिशत र कमजोर ७० प्रतिशत रहेको पाइयो । प्रया धेरै बालविकास केन्द्रमा विद्यार्थीको सामान्य हाजिरी अभिलेख, भर्ना अभिलेख र विद्यालयको अन्य कक्षा सरह परीक्षाको अभिलेख राख्ने गरेको पाइयो ।

शिक्षण विधि र मूल्याङ्कनका सम्बन्धमा शान्ति प्रिय प्रा.वि. का प्र.अ.का अनुसार हाम्रो विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली अपनाइएको छ । बालबालिकाको व्यवहारको अभिलेख राख्ने गरिन्छ । समय समयमा उनीहरुलाई विभिन्न अभ्यास गराएर मूल्याङ्कन गरिन्छ । बालबालिकाको मूल्याङ्कन गर्ने क्रममा कहाँ, कस्तो, के, किन कमजोरी छ भन्ने तरिका अपनाउने गरेको प्रतिक्रिया दिनुभयो भने कोटही प्रा.वि.का प्र.अ.का अनुसार हाम्रो विद्यालयमा बालविकास केन्द्रका बालबालिकालाई परम्परागत रुपमा अक्षर चिनाउनुका साथै विद्यालयका अन्य विद्यार्थी सरह परीक्षामा सामेल गराइ मूल्याङ्कन गर्ने गरिन्छ र वार्षिक रुपमा नतिजा प्रकाशन गर्ने गरेको प्रतिक्रिया पाइयो ।

यसरी बालविकास केन्द्रको अवलोकनको क्रममा शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया सम्बन्धि सुधार गर्नुपर्ने पक्षहरु प्रसस्त रहेको पाइयो ।

### ४.१.८ खानेपानी, शौचालय तथा खेलमैदानको व्यवस्था

शोध अध्ययनको क्रममा छनौट गरिएका विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा खानेपानी, शौचालय तथा खेलमैदानको अवस्था अध्ययन गर्दा केही बालविकास केन्द्रमा विद्यालयका पियन कर्मचारीको बालबालिकालाई कक्षाकोठामा नै खानेपानीको प्रबन्ध गरेको पाइयो भने धेरैजसो विद्यालयमा हैण्डपाइप (तराइतिर चापाकल पनि भन्ने गरिन्छ) को पानी खाने गरेको पाइयो । विद्यालयका प्रधानाध्यापक तथा सहयोगी कार्यकर्तासंग जिज्ञासा राख्दा बालविकास कक्षाका बालबालिकालाई छुट्टै व्यवस्था नभएको जवाफ पाइयो । कतिपय विद्यालयमा स-साना बालबालिकाहरुले हैण्डपाइप चलाएर पानी पिउन नसकेको,

हैण्डपाइपबाट कहिलेकाँहि धमिलो पानी आउने, आर्सेनिक युक्त पानी भएको र कहिले धारा सुक्ने जस्ता समस्या भएको र स्वच्छ र सफा पिउने पानीको समस्या रहेको जवाफ पाइयो ।

स-साना बालबालिकालाई असल बानीको विकास गराउन र विद्यालय वरिपरिको वातावरण सफा सुग्घर राख्न शौचालयको प्रयोग र व्यवस्था हुनु जरुरी छ । कतिपय अवस्थामा स-साना बालबालिकाले जहाँ पायो त्यहिँ दिशा पिसाब गर्ने अथवा शौचालयको अभावका कारण असुविधा महशुस गरि विद्यालय आउनमा नै रुचि नदेखाउने हुन सक्छ यस्तो अवस्थामा शोध अध्ययनको क्रममा छनौटमा परेका विद्यालयमा सञ्चालित बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र प्रधानाध्यापकसंग जिज्ञासा राखि बालविकास केन्द्रमा शौचालयको के व्यवस्था छ भनि राखेको प्रश्नमा प्रायः सबै विद्यालयहरुमा शौचालयको व्यवस्था भए पनि स-साना बालबालिकाहरुलाई छुट्टै शौचालयको व्यवस्था नभएको जवाफ पाइयो ।

यसैगरि बालबालिकालाई खेल खेल्न, उफ्रन, दौडनका लागि उपयुक्त खालको खेल मैदानको आवश्यकता पर्दछ । सुविधायुक्त खेलमैदानमा बालबालिकाले स्वतन्त्रतापूर्वक खेल खेल्न पाउँदा रमाइलो अनुभुति गर्दछन् । शरीरका अङ्गहरु चलाउन सिक्दछन् । खेल पनि शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग भएकोले बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा खेलमैदनको आवश्यकता महशुस गरिएको हो । शोध अध्ययनको क्रममा बालविकास केन्द्रको अवलोकनको साथै खेलमैदानको बारेमा प्र.अ. संग जिज्ञासा राख्दा प्रायः सबै बालविकास केन्द्रमा सानो ठूलो आफ्नै खेलमैदान रहेको पाइयो । यस्तो खेलमैदानमा विद्यालयका साना ठूला सबै विद्यार्थीहरु खेल्ने गरेको पाइयो । स-साना बालबालिकालाई बाधा नपुग्ने गरि खेल खेल्नका लागि खेलमैदानको छुट्टै कुनै भागलाई उपयोग गर्न सक्ने भए पनि त्यसो गर्ने नगरेको पाइयो ।

## ४.२ बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको संलग्नता

किन्डरगार्डेन तथा मन्टेश्वरी शिक्षण विधिका आधारमा स्थापना हुने बालविकास केन्द्र निजी तथा संस्थागत विद्यालय, स्थानीय निकाय, गैर सरकारी संस्थाबाट सञ्चालित समुदायमा

आधारित र विद्यालयमा आधारित गरि विभिन्न स्तरमा प्रारम्भिक बालविकास कक्षाको रुपमा सञ्चालन गरेको पाइन्छ । बालविकास कक्षा सञ्चालनमा एकरुपता कायम गरि देशका सुगम, दुर्गम, विकट सबै स्थानमा सर्वसाधारण, विपन्न तथा गरिवीको रेखामुनि रहेका सबै समुदायमा सेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले विद्यालय सुधार योजनाको एउटा अङ्गको रुपमा वि.सं. २०६१ सालदेखि बालविकास केन्द्र सञ्चालन शुरु गरि यसलाई निरन्तरता दिँदै आएको पाइन्छ ।

नेपाल सरकार, स्थानीय निकाय, गैर सरकारी संस्था, समुदायको बालविकास केन्द्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र संलग्नताको स्थिति रहेको पाइन्छ । शोध अध्ययनको क्रममा बालविकास केन्द्र स्थापना र सञ्चालनमा संलग्न सबैको सहयोगको उच्च मूल्याङ्कन गर्दै समय र स्रोत साधनको अभाका कारण अध्ययनमा छनौटमा परेका विद्यालयका बालविकास केन्द्रका अभिभावक, वि.व्य.स., प्र.अ., शिक्षक, वि.नि. ⁄ स्रोत व्यक्तिसंग प्रत्यक्ष भेटी अन्तर्वाताका प्रश्नावलीका आधारबाट प्राप्त सूचनाका आधारमा सरोकारवालाको संलग्नताको स्थिति निम्न अनुसार व्यख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ अभिभावकको संलग्नता

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ त्यसैले शोध अध्ययनको क्रममा बालविकास केन्द्रमा अध्ययनगर्ने बालबालिकाका अभिभावक मध्येबाट अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्राप्त धारणाहरु निम्नानुसार रहेका छन् ।

क) प्रायः ४ वर्षको उमेरमा बालबालिका भर्ना गर्ने गरेको पाइयो ।

ख) समय समयमा अभिभावक स्वयं विद्यालयमा उपस्थित भइ आफ्नो बच्चाको पढाइको बारेमा जनाकारी लिने गरेको पाइयो ।

ग) बच्चाले ३ देखि ४ घण्टा विद्यालयमा बिताउने गरेको पाइयो ।

घ) दिउँसोको खाजो घरमा नै गएर खाने गरेको पाइयो ।

ङ) आफ्नो कामलाई भ्याएसम्म शैक्षिक सामग्री कपी, किताब, झोलाको व्यवस्था गर्ने गरेको पाइयो ।

च)  सहयोगी कार्यकर्तासंग राम्रो सम्बन्ध र चिनजान भएको पाइयो ।

छ)  बालविकास केन्द्र र समुदाय बिच सुमधुर सम्बन्ध स्थापनाका लागि विद्यालयले समय समयमा अभिभावक भेटघाट आयोजना गर्नुपर्ने धारणा पाइयो ।

ज)  बालबिकास केन्द्रका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण र शैक्षिक वातावरण बनाउन आवश्यक पर्ने स्रोत र साधन जुटाउन सवै सरोकारवालाहरु सक्रियरुपमा लाग्नुपर्ने धारणा पाइयो ।

यस्तै प्रकारले बालविकास केन्द्रमा के समस्या देख्नु हुन्छ भनि सोधिएको प्रश्नमा खानेपानी, शौचालय, बसाइको राम्रो प्रवन्ध, सहयोगी कार्यकर्ताको क्षमता विस्तारका लागि तालिम, खेलकुद तथा मनोरञ्जनका सामग्रीको व्यवस्था आदिको समस्या रहेको जवाफ पाइयो ।

यस्तै छोराछोरीको पढाई राम्रो गराउन के सुझाव दिनुहुन्छ ? भनि सोधिएको प्रश्नमा - बसाइको राम्रो व्यवस्था हुनु पर्ने, बालबालिकाको पढाइमा सहयोगी कार्यकर्ताले अझै ध्यान दिनु पर्ने, खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था हुनु पर्ने आदि जस्ता जवाफ  पाइयो ।

## ४.२.२ विद्यालय व्यवस्थापन समितिको संलग्नता

वि.व्य.स.मा व्यवस्थापन समितिका अध्यक्ष, स्थानीय प्रतिनिधि, विद्यालयको, संस्थापक, चन्दादाता, समाजसेवी, शिक्षाप्रेमी, शिक्षक प्रतिनिधि, अनिवार्य महिला सदस्यका साथै सदस्य सचिवको रुपमा विद्यालयका प्र.अ./रहने व्यवस्था गरिएको छ । वि.व्य.स.का अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरुको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार शिक्षा नियमावलीले तोके बमोजिम हुने व्यवस्था छ । जुन तहको विद्यालय हो सोही तहगत संरचना अनुरुप विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रावधान रहेको पाइन्छ । विद्यालयमा आधारित बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै  व्यवस्थापन समितिको व्यवस्था नभएको हुँदा बालविकास केन्द्र रहको विद्यालयको व्यवस्थापन समितिमो नै बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन गर्ने दायित्व रहेको पाइयो । विद्यालय व्यवस्थापन समितिको नेतृत्व गर्ने विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई केन्द्र विन्दु मानेर सरोकारवालाको हैसियतले बालविकास केन्द्र  शैक्षिक व्यवस्थापन शोध अध्ययन सम्बन्धि कार्यको सिलसिलामा

सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई प्रत्यक्ष भेटी अन्तर्वार्ताका साथै प्रश्नावली भराउने कार्य गरियो । यसक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले बालविकास केन्द्र सम्बन्धि सोधिएका प्रश्न र राखिएको जिज्ञासामा निम्न बमोजिम समान धारणा रहेको पाइयो :

क) छनौट प्रक्रियाबाट सहयोगी कार्यकर्ताको नियुक्ति गर्ने गरेको ।

ख) सहयोगी कार्यकर्तालाई विद्यालयको स्रोत र साधनले भ्याएसम्म थप पारिश्रमिक दिने गरेको ।

ग) बालविकास केन्द्रका लागि आवश्यक पर्ने कक्षा कोठा, बसाइको व्यवस्थापन, खानेपानी, शौचालय, खेलकुद, तथा शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाउन सक्दो प्रयास गरेको ।

घ) अभिभावकहरुको विद्यालयप्रतिको चासो कम भएको गुनासो पाइयो ।

ङ) समय समयमा विद्यालयमा उपस्थित भइ बालविकास केन्द्र कक्षाको निरीक्षण र अवलोकन गर्ने गरेको ।

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको समेत जिम्मेवारी लिएको विद्यालय व्यवस्थापन समितिको बैठकमा बालविकास केन्द्रसम्बन्धि के कस्ता प्रस्तावहरुमा छलफल तथा निर्णय गरिन्छ भनी जिज्ञासा राख्दा माहामाया भवानी उच्च मा.वि. का प्राचार्य वि.व्य.स. अध्यक्षका अनुसार समग्र विद्यालयको भौतिक शैक्षिक पक्षका प्रस्तवाहरुबारे विद्यालय व्यवस्थापन समितिमा छलफल तथा निर्णय हुने गरेको तर बालविकास केन्द्रको बारेमा कमै मात्र प्रस्ताव र निर्णयमा छलफल हुने गरेको प्रतिक्रिया पाइयो ।

यसैगरी बालविकास केन्द्रको व्यवस्थापनका बारेमा भविष्य निर्माण उच्च मा.वि. का वि.व्य.स.का अध्यक्षका अनुसार हाम्रो विद्यालयमा कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो छ तर बालबालिकालाई शिक्षण गर्ने विधि र मूल्याङ्कन प्रक्रियामा सुधार गर्नुपर्ने आवश्यकता देख्दछु । शिक्षण सामग्रीको निर्माण र प्रयोगमा प्र.अ., शिक्षक र स.का.को सक्रियताको खाँचो रहेको धारणा पाइयो ।

### ४.२.३ प्रधानाध्यापकको संलग्नता

एउटा विद्यालयको भविष्य र प्रगतिसंग प्रधानाध्यापकको कार्यकुशलता जोडिएको हुन्छ । प्रधानाध्यापकको कुशल नेतृत्वको अभावमा विद्यालयले आफ्ना शैक्षिक क्रियाकलापहरु चुस्त र दुरुस्त राख्न सक्दैन । विद्यालयमा आधारित बालविकास केन्द्रको नेतृत्वको दायित्व पनि प्रधानाध्यापकको हुन्छ । त्यसैले शोध अध्ययनको क्रममा छनौट गरिएका विद्यालयमा सञ्चालित बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको हैसियतले प्रधानाध्यापकको संलग्नताको स्थिति कस्तो छ ? भनि विद्यालयमै पुगि विद्यालयको सम्पूर्ण पक्षको जिज्ञासा राख्नुका साथै अनुसूची ४ बमोजिमको अन्तर्वार्ता प्रश्नावली भरी त्यसबाट प्राप्त हुन आएका जवाफहरुलाई निम्नलिखित समान धारणा पाइयो :

क) स.का.को नियुक्तिमा खासै राजनैतिक दवाव नआएको ।

ख) सहयोगी कार्यकर्ताको अनुपस्थितिमा विद्यालयका अन्य शिक्षकबाट कक्षा सञ्चालनको व्यवस्था गर्ने गरेको ।

ग) विद्यालयको स्रोत र साधनले भ्याएसम्म विद्यालयबाट थप पारिश्रमिक दिने गरेको ।

घ) नियमित रुपमा बालकक्षाको निरीक्षण गरि सहयोगी कार्यकर्तालाई आवश्यक पृष्ठपोषण दिने गरेको ।

ङ) बालविकास केन्द्रलाई उपयुक्त हुने बसाइ व्यवस्थापन, शैक्षिक सामग्री, खेलकुद तथा मनोरञ्जनका साधनहरुको प्रर्याप्तता नभएको

च) बालविकास केन्द्र स.का. पारिश्रमिक समय सापेक्ष नभएको धारणा पाइयो ।

त्यस्तै बालविकास केन्द्रको समस्या समाधानका लागि के कस्ता प्रयासहरु गर्न सकिन्छ होला ? भनि सोधिएको प्रश्नमा निम्नलिखित समान धारणा पाइयो :

क) नीति निर्माण तहबाट बालविकास केन्द्रका लागि कम्तिमा प्रथमिक तहको योग्यता भएको र सोही अनुसारको सुविधा पाउने शिक्षक नियुक्त हुनु पर्ने ।

ख) विद्यमान भौतिक पूर्वाधारबाट नपुग भएकोले भवन कक्षा कोठा, बसाइ व्यवस्थापन, शैक्षिक सामग्रीका लागि सरकार र स्थानीय निकायबाट सहयोग आवश्यक पर्ने ।

ग) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग हुनु पर्ने ।

घ) सहयोगी कार्यकर्तालाई पूर्व सेवाकालीन, सेवाकालीन र पुनर्ताजगी तालिमको व्यवस्था हुनु पर्ने सुझावहरु पाइयो ।

### ४.२.४ सहयोगी कार्यकर्ताको संलग्नताको स्थिति

सहयोगी कार्यकर्ता बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष संलग्न हुने हुँदा उनीहरुको बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालविकास केन्द्रको हकमा एउटा कक्षामा ३० जना विद्यार्थीको अनुपातमा एक जना सहयोगी कार्यकर्ताको रहने व्यवस्था गरेको पाइन्छ । बालबालिकालाई विभिन्न शिक्षण विधि र प्रक्रिया अपनाई बालबालिकाको रुची, चाहना, इच्छा अनुसार बालमैत्री वातावरणमा शिक्षण गर्ने कार्य चुनौतिपूर्ण हुन्छ । बालबालिकालाई खेल खेलाउँदै खेल र संगीतको माध्यमबाट शिक्षण गर्नुपर्ने हुन्छ । सहयोगी कार्यकर्ताका साथै विद्यालयका अन्य शिक्षकहरुसंगको सहकार्यको पनि आवश्यक पर्ने हुन्छ ।

स.का.ले आफुसंग भएको पूर्ण क्षमताको उपयोग र प्रदर्शन गर्नु पर्दछ । यसरी बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा स.का.को महत्वपूर्ण भूमिका रहने हुँदा शोध अध्ययनको क्रममासहयोगी कार्यकर्तालाई सरोकारवालाको रुपमा लिई उनीहरुको संलग्नताको स्थिति कस्तो छ भनि बालविकास केन्द्रको अवलोकन गर्नुका साथै शिक्षक तथा सहयोगी कार्यकर्तासंग प्रत्यक्ष भेटघाट गरि अन्तर्वार्ता लिने कार्य गरियो । अन्तर्वार्ताको क्रममा सहयोगी कार्यकर्ताको निम्नलिखित समान धारणाहरु पाइयो ।

क) विद्यालयका अन्य शिक्षक र प्र.अ.बाट सहयोगी कार्यकर्तालाई सहयोग पुगेको धारणा पाइयो ।

ख) विद्यालयको भौतिक र शैक्षिक पक्षको सुधारका लागि विद्यालय व्यवस्थापन समितिलाई सहयोगी कार्यकर्ताले सहयोग गर्ने गरेको पाइयो ।

ग) समय सापेक्ष पारिश्रमिक नपाएको गुनासो पाइयो ।

घ) विद्यालयमा उपयुक्त कक्षाकोठा, बसाइ व्यवस्थापन, शैक्षिक तथा खेलकुद सामग्रीको उचित प्रवन्ध हुनुपर्ने धारणा पाइयो ।

ङ) बालकेन्द्रीत शिक्षक तालिमको व्यवस्था हुनुपर्ने ।न

## ४.२.५ विद्यालय निरीक्षक/स्रोत व्यक्तिको संलग्नता

### क) विद्यालय निरीक्षक

जिल्ला शिक्षा कार्यालयको मातहतमा रहि विद्यालयको निरीक्षण गर्ने र निरीक्षणको क्रममा देखा परेका समस्यालाई सकेसम्म थलोमै समाधान गर्ने र त्यहाँ समाधान हुन नसकेका कुराहरु स्रोतकेन्द्र तथा जि.शि.का. मार्फत समाधान गर्ने दायित्व विद्यालय निरीक्षकको हो । जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र र विद्यालयबीच समन्वयकर्ताको भूमिका पनि विद्यालय निरीक्षकले निर्वाह गर्नुपर्ने हुन्छ । एक जना विद्यालय निरीक्षकले बढीमा दुई वटा स्रोत केन्द्र, संस्थागत र सामुदायिक गरि विभिन्न तहका ५० देखि ६० वटा सम्म विद्यालयहरुको एक जना विद्यालय निरीक्षण गर्ने गरेको पाइयो ।

शिक्षा नियमावली २०५९ को परिच्छेद-३ को नियम-१७मा विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकारलाई स्पष्ट पारिएको छ । विद्यालय निरीक्षकले आफुलाई प्राप्त अधिकार र आफ्नो कर्तव्य निर्वाहको क्रममा विद्यालयको उन्नती र प्रगतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भएकोले विद्यालय निरीक्षकलाई एउटा परामर्शदाता र मार्गदर्शकको रुपमा लिने गरिन्छ ।

विद्यालय निरीक्षकले विद्यालय निरीक्षणको क्रममा विद्यालयको आर्थिक, शैक्षिक तथा भौतिक पक्षको निरीक्षण गरि आवश्यक सर-सल्लाह, सुझाव र निर्देशन प्रदान गर्दछन् । समय-समयमा विद्यालय निरीक्षण गर्नाले शैक्षिक क्षेत्रका समस्या समाधानमा विद्यालय निरीक्षणको आवश्यकता र महत्व अझै बढ्दै गएको छ । यस शोध अध्ययनमा विद्यालय निरीक्षकलाई सरोकारवालाको रुपमा लिइएको छ । बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा विद्यालय

निरीक्षकको संलग्नताको स्थिति पहिचान गर्ने क्रममा छनौटमा परेका विद्यालयहरुको विद्यालय निरीक्षण गर्नु हुने विद्यालय निरीक्षक का अनुसार सहयोगी कार्यकर्ताको छनौटमा जि.शि.का.बाट कुनै दवाव नदिने गरेको सहयोगी कार्यकर्ताको छनौट प्रक्रियामा सहयोगी भूमिका खेलेको, सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता वृद्धि गरी बी.एड. सम्म र उचित पारिश्रमिक दिइनु पर्ने, विद्यालय निरीक्षणकै क्रममा बालविकास केन्द्रको पनि निरीक्षण गर्ने गरेको, निरीक्षणको क्रममा आवश्यक सुझाव, निर्देशन र पृष्ठपोषण दिने गरेको, पाठ्यक्रम, निर्देशिकाको प्रयोगका साथै शैक्षिक सामग्रीको निर्माण प्रयोगलाई जोड दिने गरेको र विद्यालय व्यवस्थापनमा सहयोग गर्ने गरेको प्रतिक्रिया पाइयो ।

यसैगरी बालविकास केन्द्रको मुख्य समस्या बालविकास केन्द्रलाई विद्यालयको तहगत संरचनामा नराख्नु, बालबालिकाका अभिभावकहरुको चासो कम हुनु, विद्यालय व्यवस्थापन समितिले बालविकास केन्द्रमा लगानी गर्न नखोज्नु जस्ता धारणा व्यक्त गरेको पाइयो ।

यस्तै बालविकास केन्द्रको समस्या समाधानका लागि विद्यार्थीको आवश्यकता अनुसारको बसाइ व्यवस्थापनमा सुधार हुनुपर्ने, शैक्षिक सामग्री निर्माण र प्रयोगमा जोड दिनुपर्ने, समय-समयमा विद्यार्थीका अभिभावकलाई विद्यालयमा बोलाई भेटघाट र अन्तरक्रिया गर्नुपर्ने, सहयोगी कार्यकर्ताको क्षमता अभिवृद्धि गर्नुपर्ने, समुदायको चासो बढाउनु पर्ने धारणा वि.नि.बाट प्राप्त भयो ।

### ख) स्रोतव्यक्ति

विद्यालय निरीक्षण व्यवस्थालाई थप प्रभावकारी बनाउन र स-सानो कामका लागि विद्यालयका प्रधानाध्यापक तथा शिक्षक जिल्ला शिक्षा कार्यालयमा आउनु पर्ने समस्याको समाधान होस् भन्ने उद्देश्यले जिल्ला शिक्षा कार्यालय र विद्यालय निरीक्षकका केही अधिकारहरु विकेन्द्रीकरण गरि स्रोत केन्द्रको अवधारणा ल्याइएको हो । संस्थागत र सामुदायिक गरि विभिन्न तहका ३० देखि ४० वटा सम्म विद्यालयहरुको निरीक्षणको जिम्मा स्रोत व्यक्तिलाई दिने गरेको पाइयो । स्रोत व्यक्तिलाई शिक्षकहरुको सहजकर्ताको रुपमा पनि लिने गरेको पाइयो । विद्यालयका शिक्षकहरुले खोजेको समयमा उपलब्ध हुने हुँदा शिक्षण

सिकाइ क्रियाकलापमा देखा परेका समस्याहरु छिटो छरितो रुपमा विद्यालयको कक्षाकोठामा नै समाधान हुने हुँदा स्रोत व्यक्तिको महत्व अझ बढ्न गएको पाइन्छ ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको निरीक्षण र अनुगमन गर्ने जिम्मेवारी पाएका स्रोत व्यक्तिलाई बालविकास केन्द्रको सरोकारवाला प्रतिनिधिको रुपमा लिइएको छ । अध्ययनको सिलसिलामा छनौटमा परेका विद्यालय अन्तर्गत पर्ने स्रोत केन्द्र धकधइका स्रोतव्यक्तिसंग जिज्ञाशा राख्दा बालविकास केन्द्रको नियमित निरीक्षण गर्ने गरेको, सहयोगी कार्यकर्ताको पारिश्रमिक कम भएको स्वीकार गरिएको, निरीक्षणका क्रममा बालविकास केन्द्रमा देखा परेका समस्या समाधानमा सहयोगी भूमिका खेलेको, पाठ्यक्रम, निर्देशिका, शिक्षण सामग्री, शैक्षिक सामग्रीका साथै खेलकुदका सामग्रीको निर्माण र प्रयोगमा जोड दिएको, आवश्यकता अनुसार स्थानीय मातृभाषाको प्रयोगमा जोड दिएको, सहयोगी कार्यकर्ताको तालिममा समन्वयकारी भूमिका निर्वाह गरेको, बालविकास केन्द्रको समस्याको पहिचान गरी समस्या समाधानमा सहयोगी भूमिका निर्वाह गरेको भन्ने प्रतिक्रिया पाइयो ।

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन पक्षका थुप्रै समस्याहरु छन् । ती समस्या समाधानकमा ठोस नीति र कार्यक्रम बनाउनु आवश्यक छ । समस्यालाई समयमै बुझेर त्यसको समाधानको उपाय खोज्नु पर्ने हुन्छ । समय बितिसकेपछि गरेको औषधीमूलोले बिरामी तङ्ग्रिन्न । आज बालबालिकाहरुको हकमा त्यस्तै भएको छ । विद्यालयलाई शान्ति क्षेत्र बनाउन सबैतिर माग भइरहेको बेलामा विद्यालयहरु राजनीतिको क्रिडास्थल र सैनिक परेड खेल्ने ब्यारेक बनाउने सोँचले बालबालिकाको प्रतिभाको स्फूरण हुन सक्दैन त्यसैले सरोकारवालाको दायित्व अझ बढी रहेको पाइन्छ ।

## ४.३ बालविकास केन्द्रमा शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरु

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रमा व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने वि.व्य.स.का अध्यक्ष, प्र.अ., स.का., अभिभावक, विद्यालय निरीक्षक/स्रोत व्यक्तिसंग

अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्राप्त तथ्यहरुलाई प्राथमिकताको आधरमा बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) छुट्टै भवन र कक्षाकोठाको अभाव**

बालविकास केन्द्रका बालबालिकाका लागि सम्भव भएसम्म छुट्टै व्लकमा भवन बनाई कक्षाकोठाको व्यवस्थापनको समस्या रहेको देखिन्छ । कतिपय बालविकास केन्द्रमा कक्षा १ र बालविकास केन्द्र (शिशु कक्षा) एउटै कक्षामा सञ्चालन गरेको, चिसो भूँइमा बस्ने गरेको र बालविकास कक्षालाई छुट्टै कक्षाकोठाको अभाव रहेको पाइयो । यसैगरी उपलब्ध कक्षाकोठामा विद्यार्थीको उमेर अनुसारका फर्निचर (बेञ्च डेस्क) नभएको पाइयो ।

**ख) खानेपानी, शौचालय तथा खेलमैदानको अभाव**

बालबालिकाका लागि आवश्यक शुद्ध र स्वच्छ पिउने पानी, पानीको व्यवस्था सहितको सुविधाजनक शौचालय र स्वतन्त्रतापूर्वक खेल खेल्नका लागि उपयुक्त खेलमैदानको अभाव देखिन्छ । ठूला कक्षाका विद्यार्थीहरुका लागि मात्र दृष्टिगत गरी शौचालय तथा खेलमैदानको व्यवस्था भए पनि बालविकास केन्द्रका स-साना बालबालिकाहरुले त्यसलाई सहज रुपमा उपयोग र प्रयोग गर्न कठिनाइ भएको पाइयो ।

**ग) शिक्षण विधिमा एकरुपताको अभाव**

बालविकास केन्द्रका लागि पाठ्यक्रम, निर्देशिका, सिकाइ उपलब्धीका मापदण्डहरुको नीतिगत व्यवस्था भए पनि धेरै बालविकास केन्द्रहरुमा त्यसको उपलब्धताको अभाव पाइयो । खेलकुद र शैक्षिक सामग्रीमा जोड दिनु पर्नेमा परम्परागत व्याख्यान तथा प्रवचन विधिको प्रयोग भएको पाइयो । जसले गर्दा लक्षित उद्देश्य हासिल नहुने र वर्षको अन्त्यमा हासिल हुनुपर्ने सिकाइ उपलब्धि पनि हासिल नहुने गरेको समस्या पाइयो ।

**घ) सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता, तालिम र पारिश्रमिक सम्बन्धि समस्या**

बालविकास केन्द्रका लागि सहयोगी कार्यकर्ताको न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उत्तीर्ण भए हुने प्रावधानले बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । स-साना बालबालिकालाई बाल मनोवैज्ञानिक ढङ्गले शिक्षण गर्नका लागि प्रयाप्त

ज्ञान भएको योग्य र दक्ष शिक्षक आवश्यक पर्छ त्यसैले सहयोगी कार्यकर्ताको योग्यता एउटा समस्याको रुपमा देखिन्छ । यसैगरी सहयोगी कार्यकर्ताका लागि पूर्व सेवाकालीन, सेवाकालीन तथा पुनर्ताजगी तालिमका साथै उचित पारिश्रमिकको कमी भएको धारणा पाइयो ।

### ङ) शैक्षिक सामग्री, खेलकुद सामग्री र मनोरञ्जनका साधनको कमी हुनु

बालविकास केन्द्रका बालबालिका स-साना उमेरका हुने भएकोले उनीहरुलाई पाठ्यपुस्तकका पाठ पढाउनु र घोकाउनुको सट्टा खेलको माधयमबाट विभिन्न सीपहरुको विकास गर्नुपेर्न हुन्छ । यसका लागि बालबालिकालाई उपयुक्त हुने शैक्षिक सामग्री, खेलकुदका सामग्री, श्रव्य दृष्य साधन र मनोरञ्जनका साधनहरुको कमि भएको पाइयो । जसको प्रत्यक्ष प्रभाव शिक्षण सिकाइ क्रियाकलापमा पर्न गएको पाइयो ।

### च) विद्यालय निरीक्षण तथा अनुगमन व्यवस्था प्रभावकारी नहुनु

बालविकास केन्द्रको सञ्चालन कसरी भएको छ ? बालविकास केन्द्रमा के कस्ता समस्याहरु रहेका छन् ? समस्या समाधानमा कस्तो सहयोग गर्नुपर्ला ? भन्ने जस्ता कुराहरुलाई मध्यनजर राखी बालविकास केन्द्रको निरीक्षण गर्नुपर्ने हुन्छ । सञ्चालित बालविकास केन्द्रहरुमा विशेष गरेर प्र.अ., वि.व्य.स., वि.नि. र स्रोतव्यक्तिले नियमित निरीक्षण गरी आवश्यक सुझाव र पृष्टपोषण प्रदान गर्नुपर्नेमा बालविकास केन्द्रको नियमित निरीक्षण र अनुगमन नभएको र केही मात्रामा गर्ने गरे पनि प्रभावकारी हुन नसकेको पाइयो ।

### छ) नीति निर्माण तहबाटै बालविकास केन्द्रलाई कम महत्व दिइनु

नेपालको सरकारको मातहतमा रहेका निकायहरु शिक्षा मन्त्रालय, शिक्षा विभागबाट बालविकास केन्द्रको अवधारण आउनु राम्रो कुरा हो तर यिनै निकायहरुले बालविकास केन्द्रलाई कम महत्व दिएको पाइन्छ । सहयोगी कार्यकर्ताको योग्यता कम तोक्नु, मासिक अठार सय पारिश्रमिक निर्धारण गर्नु, पाठ्यक्रम तथा शैक्षिक सामग्रीको व्यवस्था नगर्नु, सिकाई उपलब्धीको मूल्याङ्कन नहुनु, भौतिक पूर्वाधार निर्माणमा ध्यान जान नसक्नु आदि यसका उदाहरणको रुपमा लिन सकिन्छ । जसरी प्राथमिक तह देखि माध्यमिक तह सम्म

अन्य विद्यार्थीलाई निःशुल्क पाठयपुस्तक उपलब्ध गराइन्छ त्यसरीनै बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकालाई उपलब्ध गराउने गरिएको पाइएन ।

**ज) विद्यालयका प्र.अ.को बालविकास केन्द्रमा ध्यान कम हुनु**

बालविकास केन्द्रको दैनिका कार्य सञ्चालनको जिम्मा विद्यालयका प्र.अ./प्राचार्यको हो । विभिन्न तहगत संरचनामा रहेका विद्यालयका (प्रा.वि., नि.मा.वि., मा.वि., उ.मा.वि.) प्र.अ. विद्यालयको अन्य कार्यमा समेत ध्यान दिनुपर्ने भएकोले बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा कम ध्यान दिएको पाइयो ।

**झ) निरन्तर मूल्याङ्कनको अभाव**

बालविकास केन्द्रका बालबालिकाहरुलाई विद्यालयको औपचारिक परीक्षामा सामेल गराएर सिकाइ उपलब्धी के छ भनि थाहा पाउन कठिन हुन्छ त्यसैले उनीहरुका बानी, व्यवहारको र ज्ञानको स्तर पत्ता लगाउन निरन्तर मूल्याङ्कन प्रणाली अपनाउनु पर्नेमा त्यसो नभएको पाइयो ।

**ञ) दिउँसोको खाजाको व्यवस्था नहुनु**

बालबालिकाको स्वभाव र उनीहरुको शारीरिक अवस्थालाई हेर्दा छिटो छिटो भोक लाग्ने हुन्छ । उनीहरु बिहान ९ बजे घरबाट खाना खाएर करिब २ बजेसम्म विद्यालयमा रहेन हुँदा बालबालिकालाई दिउँसोको खाजाको उचित प्रबन्ध नभएको पाइयो ।

**ट) शिक्षा क्षेत्रमा बढ्दो राजनैतिक हस्तक्षेप**

देशको विद्यमान राजनैतिक सङ्क्रमणको प्रभाव शिक्षा क्षेत्रमा पनि परेको पाइन्छ । विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक नियुक्ति जस्ता कुरामा विद्यालयमा हस्तक्षेप भएको पाइन्छ । त्यसैगरी विभिन्न राजनैतिक दलहरु तथा संघ संगठनले राजनैतिक उद्देश्यले गर्ने बन्द, हड्तालको प्रभाव बालविकास केन्द्रमा परेको पाइन्छ ।

**ठ) अभिभावक तथा समुदायको चासो कम हुनु**

अभिभावकहरुले आफ्ना बालबालिकाको स्वास्थ्य, पोषण, हेरचाह आदिमा ध्यान दिन नसक्नु, समय समयमा विद्यालयमा गएर विद्यार्थीको प्रगति विवरणको जानकारी लिन नखोज्नु जस्ता कमी कमजोरी पाइयो । यसैगरी कतिपय हुने खाने र टाठा-बाठाहरुले आफ्ना बालबालिकालाई निजी तथा संस्थागत विद्यालयमा पठाउने र सरकारी तथा सामुदायिक विद्यालयमा राजनैतिक प्रभाव जमाउन विद्यालय व्यवस्थापन समितिमा बस्ने गरेको पाइयो ।

**ड) प्रोत्साहनको कमी**

कुनै पनि संघ संस्थामा राम्रो काम गर्ने र भ्कारा टार्ने दुबै प्रवृत्ति पाइन्छ । कतिपय बालविकास केन्द्रमा राम्रो व्यवस्थापन गर्ने व्यवस्थापन पक्ष र सहयोगी कार्यकर्तालाई पुरस्कार र प्रशंसा नगर्नु पनि एउटा समस्याको रुपमा रहेको पाइन्छ ।

**ढ) स्रोत साधनको अभाव**

बालविकास केन्द्रको भौतिक पूर्वाधार निर्माण र दैनिक कार्यसञ्चालन आदिका लागि आवश्यक पर्ने स्रोत साधनको अभाव रहेको पाइयो ।

**ण) बालविकास केन्द्रलाई तहगत संरचनामा नराखिनु**

बालविकास केन्द्रलाई विद्यालय संरचनाको कुनै पनि तहमा नराख्नाले यसको महत्व कम ठानिएको पाइयो ।

समग्र अध्ययनको क्रममा बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा रहेका सरोकारवालाहरुले विभिन्न समस्याहरुको सामना गर्नु परेको, आशा गरे अनुरुप सफलता प्राप्त हुन नसकेको धारणाहरु व्यक्त गरेको पाइयो । नेपाल सरकारले बालविकास केन्द्रका लागि कोटा उपलब्ध गराउने र उपलब्ध कोटामा नियुक्ति हुने सहयोगी कार्यकर्तालाई मासिक अठार सय पारिश्रमिक दिने काम बाहेक बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनका अन्य पक्षमा कुनै उल्लेख्य सहयोग नरहेको पाइयो । शैक्षिक योग्यताको कमी, न्यून पारिश्रमिक र नोकरीको भविष्यमा कुनै ग्यारेन्टि नहुने हुँदा सहयोगी कार्यकर्ताको उत्साहमा कमी आएको र यसले शिक्षण सिकाइ क्रियाकलापमा जवाफदेहीता नहुने समस्या रहेको

देखियो । सहयोगी कार्यकर्ताले तालिमको अभावमा परम्परागत शिक्षण विधिमै अलमलिनु परेको पाइयो । पाठ्यक्रम, निर्देशिका, मूल्याङ्कन प्रक्रियामा स्पष्टता र एकरुपताको अभाव देखिन्छ । निरीक्षण, अनुगमन प्रणाली प्रभावकारी भएको पाइँदैन । सकरात्मक रुपमा बालविकास केन्द्र विस्तार भए पनि बालविकास केन्द्रको शैक्षिक गुणस्तरको अवस्था निकै कमजोर बन्न पुगेको पाइन्छ ।

बालविकास केन्द्रमा यी र यस्ता थुप्रै समस्याहरु रहेको पाइन्छ । समस्याको पहिचान गरी समयमै समाधानका उपाय खोज्न नसकेको खण्डमा समस्याले अझै विकराल रुप लिन सक्ने देखिन्छ । त्यसैले सरोकारवालाको यस तर्फ ध्यान जानु जरुरी हुन्छ । शिक्षाविद् मारिया मन्टेश्वरीको शिक्षण विधिलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्तसंग संयोजन गरी बालविकास केन्द्रका आवश्यकताहरुको पहिचान गरी सबैले आ-आफ्नो क्षेत्रबाट समस्याको समाधानमा भूमिका निभाउनु पर्ने देखिन्छ ।

## ४.४ बालविकास केन्द्रको समस्या समाधानका उपायहरु

बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन सम्बन्धि शोध अनुसन्धानको क्रममा छनौट गरिएका बालविकास केन्द्रमा सञ्चालित बालविकास केन्द्रका वि.व्य.स.का अध्यक्ष, अभिभावक, प्र.अ, सहयोगी कार्यकर्ता, वि.नि./स्रोत व्यक्तिसंग अन्तर्वार्ता प्रश्नावलीका आधारमा प्राप्त सुझाव र प्रतिक्रियालाई प्राथमिकताको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### क) छुट्टै भवन र कक्षाकोठाको व्यवस्था हुनुपर्ने

भर्खरमात्र विद्यालय जान सुरु गरेका बालबालिकालाई विद्यालयको वातावरण मन परेन भने उनीहरु विद्यालय आउनमा नै रुची राख्दैनन् त्यसैले सर्वप्रथम बालबालिकाका लागि उपयुक्त बसाइ व्यवस्थापनका लागि छुट्टै भवन र कक्षाकोठाको आवश्यकता हुने प्रतिक्रिया पाइयो ।

**ख) खानेपानी, खेलमैदान तथा शौचालयको राम्रो प्रवन्ध हुनुपर्ने**

बालबालिकाका लागि आवश्यक पर्ने स्वच्छ र सफा खानेपानी, उपयुक्त खेलमैदान र सुविधाजनक शौचालयको व्यवस्था बालविकास केन्द्रमा हुनुपर्ने हुन्छ । यी कुराहरुको राम्रो प्रवन्ध हुन नसकेको अवस्थामा बालबालिकाले असुविधा महशुस गर्ने धारणा प्राप्त भयो । त्यसैले व्यवस्थापन पक्षले यी कुराहरुमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

**ग) बालकेन्द्रित शिक्षण विधि अनुसार शिक्षण गर्नुपर्ने**

स-साना बालबालिकालाई पाठ्यपुस्तक र लेखाइमा जोड दिनु भन्दा बाल मनोवैज्ञानिक ढङ्गले बालमैत्री वातावरणमा खेलकुद तथा शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्नुपर्ने धारणा पाइयो । साथै बालविकास केन्द्रहरुमा शिक्षण विधिमा एकरुपता कायम हुनुपर्ने सुझाव पाइयो ।

**घ) सहयोगी कार्यकर्ताको वृत्तिविकास र तालिमको व्यवस्था हुनुपर्ने**

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति, सेवा तथा सुविधामा उपयुक्त ध्यान नपुगेको स्वयं सेवकको रुपमा काम गर्नु परेको, पारिश्रमिक अति न्यून भएको भन्ने गुनासो रहेको र यसका लागि निश्चित मापदण्ड बनाइ विद्यालयका अन्य शिक्षक सरह नियुक्ति तथा सेवा सुविधा उपलब्ध गराउनु पर्ने, सहयोगी कार्यकर्तालाई पूर्व सेवाकालीन, सेवाकालीन तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने धारणहरु प्राप्त भयो ।

**ङ) शैक्षिक सामग्री, खेलकुद सामग्री र मनोरञ्जनका साधनको व्यवस्था हुनुपर्ने :**

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्ने शैक्षिक सामग्री, बाल पुस्तकालय, खेलकुदका सामग्री तथा गीत,संगीत र मनोरञ्जनका साधनहरुको व्यवस्था गर्नु पर्ने प्रतिक्रिया प्राप्त भयो ।

**च) निरीक्षण तथा अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने**

बालविकास केन्द्रको सञ्चालन कसरी भएको छ ? समस्याहरु के छन् ? समाधानका लागि के प्रयास गर्नु पर्ला ? भन्ने जस्ता जिज्ञासाहरु मेटाउन र सहयोगी कार्यकर्ता, शिक्षक तथा व्यवस्थापन पक्षलाई आवश्यक सुझाव र पृष्टपोषण प्रदान गर्न र देखा परेका समस्याहरु

समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले क्षे.शि.नि., जि.शि.का., वि.नि./स्रोत व्यक्ति, वि.व्य.स., शि.अ.संघ, प्र.अ.बाट समय समयमा बालविकास केन्द्रको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुका साथै समस्याको समाधान गर्नुपर्ने धारणा पाइयो ।

### छ) नीति निर्माण तहमा सरोकारवालाहरुको संलग्नता हुनु पर्ने

बालविकास केन्द्रको अवधारणा समयानुकुल भए पनि केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधार र आधारभूत पक्षको विश्लेषण गरेको पाँइदैन, त्यसैले बालविकास केन्द्रमा थुप्रै समस्याहरु विद्यमान छन् । त्यसैले स्थानीय तहबाटै राय, सल्लाह र सुझाव सङ्कलन गरी सरोकारवालाहरुको सुझावलाई पनि आत्मसात गर्दै बालविकास योजना तयार गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ज) वि.व्य.स., शि.अ. संघ, प्र.अ., सहयोगी कार्यकर्ता र शिक्षकको भूमिकालाई सक्रिय बनाउनु पर्ने

बालविकास केन्द्रमा प्रत्यक्ष सरोकार राख्ने वि.व्य.स., प्र.अ., सहयोगी कार्यकर्ता तथा शिक्षकको सक्रियता विना बालविकास केन्द्रले गति लिन सक्दैन र लक्षित उद्देश्य हासिल हुन सक्दैन, त्यसैले सरोकारवाला सबै पक्षहरुबीच समन्वय कायम गरी आ-आफ्नो भूमिका निर्वाह र दायित्व पूरा गर्नमा सबैको सक्रियताको खाँचो रहेको धारणा प्राप्त भयो ।

### झ) निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने

बालविकास उमेरका बालबालिकाहरुको मूल्याङ्कन निरन्तर रुपमा भइरहनु पर्दछ । बालविकासका सबै पक्षलाई समेटेर बालबालिकाका क्रियाकलापहरुको रेकर्डको आधारमा बालबालिकाको मूल्याङ्कन गर्दा उनीहरुको प्रगतिको गति र यथार्थ स्थितिको जानकारी हुन्छ । यसबाट सुधार गर्नुपर्ने पक्ष र सबल पक्षको जानकारी प्राप्त भई सुधार गर्नुपर्ने पक्षमा सहयोग पुग्न जाने प्रतिक्रिया प्राप्त भयो ।

### ञ) दिउँसोको खाजाको व्यवस्था हुनुपर्ने

बालबालिकाहरुले करिव ३-४ घण्टा समय बालविकास केन्द्रमा विताउने र यो समयमा उनीहरुलाई भोक लाग्ने र भोकले गर्दा पढाइमा रुची कम हुनुका साथै विद्यालय समय पूरा

नहुँदै भागेर घरतर्फ लाग्ने हुँदा अभिभावक र विद्यालय व्यवस्थापन पक्षको सहयोगमा स्रोत व्यवस्थापन गरी दिउँसोको खाजाको व्यवस्था मिलाउनु पर्ने धारणा प्राप्त भयो ।

### ट) राजनैतिक हस्तक्षेप अन्त्य हुनुपर्ने

देशको विद्यमान राजनैतिक सङ्क्रमणको फाइदा उठाइ विद्यालयमा आफ्नो राजनैतिक प्रभावपारी आफ्नो अनुकूलको विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ गठन गर्ने, शिक्षक नियुक्तिमा अनावश्यक दवाव दिने, बन्द, हड्ताल गरी विद्यालय बन्द गराउने जस्ता प्रवृत्तिले विद्यालयको शैक्षिक वातावरण बिग्रने हुन्छ, त्यसैले विद्यालयमा विना कुनै पूर्वाग्रह सामाजिक सेवाको भावनाले काम गर्ने वातावरण वनाउनका लागि राजनैतिक हस्तक्षेपको अन्त्य हुनु पर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ठ) समुदायसंगको सम्बन्ध विस्तार गर्नुपर्ने

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता र शिक्षक समुदाय प्रति जवाफदेही हुनुपर्छ । शिक्षा क्षेत्रमा संस्थागत तथा निजी विद्यालयहरुले समाजमा आफुलाई प्रतिष्ठित र सम्पन्नशाली भन्नेहरुका बालबालिकालाई भर्ना गरी पठन पाठन गराउने परिपाटीको विकास हुँदै गएको सन्दर्भमा समुदायको विद्यालय प्रतिको चासो कम हुँदै गएको र सामुदायिक विद्यालय राजनीति गर्ने अखडा बनेका छन् । व्यवस्थापक, र स्वयं शिक्षकहरुका छोराछोरी निजी बोर्डिङ स्कूलमा पढाउने हुँदा अभिभावक र सर्वसाधारणको विद्यालय व्यवस्थापन पक्ष र शिक्षकहरुबीच अविश्वास पैदा गराएको छ । यो समस्या दिन प्रति दिन घट्नुको साथै बढ्दै गएको छ । त्यसैले विद्यालयले समुदायसंग विश्वासको वातावरण बनाउनु जरुरी रहेको छ यसका लागि शिक्षकहरु स्वयंले आफ्ना छोराछोरी आफुले पठाउने विद्यालय वा अन्य सामुदायिक विद्यालयमा पठाउनुपर्ने, समय समयमा अभिभावक, शिक्षाप्रमी, समाजसेवी, बुद्धिजिवीहरुको भेला बोलाइ विद्यालयको अवस्थाको बारेमा यथार्थ जानकारी गराउने, समुदायसंगको सम्बन्ध सुमधुर बनाउनु पर्ने र विद्यालयको विकासमा समुदायको सहभागिता बढाउनु पर्ने जस्ता धारणाहरु राखेको पाइयो ।

**ड)   पुरस्कार एवं दण्ड सजायको नीति अवलम्बन गर्नुपर्ने**

सिङ्गो विद्यालय र बालविकास केन्द्रमा कार्यरत शिक्षक/सहयोगी कार्यकर्ता तथा प्रधानाध्यापकलाई नीजहरुले गर्ने राम्रो कामको लागि प्रोत्साहन तथा पुरस्कारको व्यवस्था र आफ्नो कर्तव्य निर्वाहमा  गैर जिम्मेवार भई विद्यालयको शैक्षिक वातावरण बिगार्नेलाई नसिहत दिने, घटुवा गर्ने आदि नीति अवलम्वन गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

**ढ)   स्रोत साधनको खोजी र उपयोग गर्नुपर्ने**

बालविकास केन्द्रको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि स्रोत र साधनको आवश्यकता पर्दछ । त्यसका लागि स्थानीय स्तरमा अभिभावक, समाजसेवी, चन्दादाता, गा.वि.स./जि.वि.स./जि.शि.का.संग समन्वय गरी स्रोत साधन जुटाउनु पर्ने र उपलब्ध भएका स्रोत साधनको उपयोगमा आर्थिक पारदर्शिता अपनाउनु पर्ने धारणा प्राप्त भयो ।

**ण)   बालविकास केन्द्रलाई विद्यालय तहको संरचनामा राख्नु पर्ने**

बालविकास केन्द्रलाई विद्यालय तहको कुनै पनि संरचनामा राखिएको छैन । जसले गर्दा यसको आवश्यकतालाई गम्भिर ढङ्गले सोँच्ने गरेको पाँइदैन । जेन तेन एक वर्ष अवधि पूरा गरेपछि प्राथमिक तहको कक्षा १मा भर्ना गर्न पाइने भएकोले बालविकास केन्द्रको व्यवस्थापनमा त्यति रुची नराख्ने गरेको पाइयो । बालबालिकाका लागि एक वर्ष समय महत्वपूर्ण हो, त्यसमा पनि प्रारम्भिक बाल्यवस्था एउटा जिज्ञासा र उत्सुकताको उमेर हो । यो उमेरमा बालबालिकामा सकरात्मक छाप पार्न सकेमा सधैभरि ऊ सकरात्मक सोँचबाट अघि बढ्न सक्छ । त्यसैले बालविकास केन्द्रलाई विद्यालय तहको छुट्टै संरचनाको रुपमा स्थापित गर्नुपर्ने धारणा प्राप्त भयो ।

# परिच्छेद पाँच

# प्राप्ती, निष्कर्ष र सुझावहरु

अध्ययनको क्रममा बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनसंग सम्बन्धित विभिन्न पक्षहरुलाई तोकिएको विधिबाट व्याख्या र विश्लेषण गरी परिच्छेद ४ अनुसारको प्राप्ती, निश्कर्ष र सुझावलाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ५.१ प्राप्ती

यस अध्ययमा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रहरुको स्थलगत भ्रमण गरी सरोकारवालाहरुसंग अन्तर्वार्ता प्रश्नावली भर्नुका साथै अनौपचारिक छलफलबाट प्राप्त हुन आएका प्राप्तीहरु निम्नानुसार छन् ।

क) प्राथमिक तहको आधारभूत कक्षा १ मा भर्ना हुनु अगावै १ वर्षसम्म ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरु बालविकास केन्द्रमा भर्ना गरी गराई पठन पाठनको व्यवस्था मिलाएको पाइयो ।

ख) सामुदायिक विद्यालयहरुले विद्यालयमा आधारित रही जि.शि.का.बाट स्वीकृत कोटा प्राप्त गरी न्यूनतम एउटा कोटामा एक जना सहयोगी कार्यकर्ता नियुक्ति गरी कक्षा सञ्चालन गरेको पाइयो ।

ग) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको जिम्मेवारी बालविकास केन्द्र सञ्चालन भएका विद्यालयका विद्यालय व्यवस्थापन समितिमा रहेको पाइयो ।

घ) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ, सहयोगी कार्यकर्ता/शिक्षक, प्रधानाध्यापक/प्राचार्य, अभिभावक, विद्यालय निरीक्षक/स्रोत व्यक्ति, सरोकारवालाको रुपमा रहेको पाइयो ।

ङ) अध्ययनको क्रममा २०६५, २०६६ र २०६७ साल गरी ३ वर्षसम्मको विद्यार्थी संख्या हेर्दा बर्षेनी बालविकास केन्द्रमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको पाइयो । यसो हुनुका कारणहरुमा नजिक नजिकमा अन्य विद्यालय र बालविकास केन्द्र सञ्चालन

भएको, नीजी तथा संस्थागत विद्यालयमा भर्ना भई पढ्ने गरेको, जनसंख्याका चाप घट्दो क्रममा रहेको, समुदायको विद्यालयप्रतिको चासो र विश्वास घट्दै गएको जस्ता कुराहरु पाइयो ।

च) सञ्चालित बालविकास केन्द्रमा कक्षा कोठाको अभाव रहेको, बालविकस केन्द्र र कक्षा १ एउटै कक्षामा सञ्चालन हुने गरेको, बालबालिकाका लागि उपयुक्त हुन बसाइ व्यवस्थापन नभएको, विद्यार्थीहरु सिमेन्टको चिसो भूँइमा बस्ने गरेको पाइयो ।

छ) सहयोगी कार्यकर्ताको न्यूनतम योग्यता कक्षा ८ मात्र तोकिनु, मासिक अठार सय मात्र पारिश्रमिक तोकिनु, सहयोगी कार्यकर्ताका लागि उपयुक्त तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था नहुनु आदि कारणले गर्दा सहयोगी कार्यकर्तामा उत्साहको कमी र हिनताबोध रहेको पाइयो ।

ज) प्राय: सबै बालविकास केन्द्रमा बालविकास पाठ्यक्रम, शिक्षक निर्देशिकाको प्रयोगको अवस्था न्यून पाइयो ।

झ) बालविकास केन्द्रमा शैक्षिक तथा खेलकुदका सामग्री, गीत, संगीत र मनोरञ्जनका सामग्रीहरुको निर्माण र प्रयोग को अवस्था अति कमजोर रहेको पाइयो ।

ञ) स-साना बालबालिकाहरुका लागि स्वच्छ र सफा पिउने पानीको अभाव, सुविधाजनक शौचालयको अभाव, खेलमैदानको अभाव, बाल बगैंचाको अभाव पाइयो ।

ट) वि.व्य.स./शि.अ. संघ, प्र.अ., स्रोत व्यक्ति, शिक्षक, अभिभावक, वि.नि./स्रोतव्यक्तिले बालविकास केन्द्रको व्यवस्थापनमा यथासक्य योगदान गरेको पाइयो । अझै थप सक्रियता र योगदानको आवश्यकता महशुस गरियो ।

ठ) बालबालिकाको सिकाइ उपलब्धीको मापन तथा मूल्याङ्कनका मापदण्डहरु निर्माण गरी सबै बालविकास केन्द्रले शिक्षण विधि र मूल्याङ्कनमा एकरुपता ल्याउनुपर्ने धारणा रहेको पाइयो ।

ड) बालविकास केन्द्रमा समुदायको चासो कम भएको पाइयो ।

ढ) बालविकास केन्द्रमा केन्द्र व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत र साधनको कमी पाइयो ।

ण) बालविकास केन्द्रको निरीक्षण र अनुगमन व्यवस्थाको प्रभावकारिता कम रहेको पाइयो ।

त)  विद्यालयका प्रधानाध्यापकले बालविकास केन्द्रका लागि प्रयाप्त मात्रामा समय र ध्यान दिन नसकेको पाइयो ।

थ)  बालविकास केन्द्रलाई विद्यालय तहको कुनै पनि संरचनामा नराखेको पाइयो ।

## ५.२ निष्कर्ष

बालविकास केन्द्रमा अध्ययन गर्ने ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई दृष्टिगत गरी कक्षाकोठाको सजावट र व्यवस्थापन गर्नुपदर्छ र सोही अनुरुप उनीहरुलाई बस्नको लागि सजिलो हुने बसाई व्यवस्थापनमा ध्यान दिनु पर्ने पाइन्छ । सामान्यतया बालविकास केन्द्रमा बेञ्च, डेस्कको प्रवन्ध गर्ने गरे तापनि त्यसको सट्टा भूँइमा सफा कार्पेट र गलैंचा विच्छ्याउँदा बालबालिकाले सजिलो महशुस गर्ने र कक्षाकोठाभित्र खेल्न मिल्ने खेलहरु खेल्दा पनि सहज हुने निश्कर्षमा पुगियो । यसैगरी बालबालिकाका लागि स्वच्छ र सफा पिउने पानीको प्रवन्ध नजिकै मिलाउनु पर्ने, विद्यालयका साना-ठूला सबै विद्यार्थीका लागि एकै प्रकारका धारा हुँदा स-साना बालबालिकालाई प्रयोगमा असुविधा भएको हुनाले बालबालिकालाई उनीहरुको कक्षाकोठा नजिकै उनीहरु आफैले पनि सजिलै उपयोग गर्न सक्ने गरी खानेपानीको प्रवन्ध मिलाउनु पर्दछ । साथै सुलभ शौचालय र खेलमैदानको प्रवन्ध गर्नुपर्ने आवश्यकता रहेको छ ।

बालविकास केन्द्रको सफलता असफलता सहयोगी कार्यकर्ताको दक्षता र लगनशीलतामा निर्भर रहेको हुन्छ । बाल मनोविज्ञान बुझेर शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्ने दायित्व सहयोगी कार्यकर्ताको हो । यसका लागि सहयोगी कार्यकर्ताको योग्यता, तालिम र उसको वृद्धि विकासका लागि आवश्यक पर्ने पारिश्रमिकमा भर पर्दछ । यसतर्फ ध्यान पुऱ्याउनु पर्दछ ।

यस्तैगरी बालविकास केन्द्र सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक तथा प्राचार्यको भूमिका समन्वयकारी र उत्तरदायीपूर्ण हुनु पर्ने र विद्यालयका अन्य शिक्षक स्टाफहरुले आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु पर्दछ ।

बालविकासका लागि अर्को महत्वपूर्ण पक्ष भनेको उनीहरुको सिकाइ उपलब्धीको स्तर जाँच गर्ने र निरन्तर मूल्याङ्कन प्रक्रियाबाट उनीहरुका सबल र कमजोर पक्षहरु पत्ता लगाई आवश्यकता अनुसार कमजोर पक्षलाई सुधार गर्दै लैजानु पर्दछ ।
यस्तै समय समयमा बालविकास केन्द्रको अवलोकन, निरीक्षण र अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि विशेष गरी विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्र.अ./प्राचार्य, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निरीक्षणको क्रममा प्राप्त भएका राम्रा पक्षलाई अन्य बालविकास केन्द्रमा पनि सञ्चार गर्ने र कमजोर पक्षको सुधारको लागि सुझाव, निर्देशन, पृष्टपोषण प्रदान गर्नु पर्दछ ।

यसैगरी अभिभावकहरुले आफ्ना बालबालिकाका लागि राम्रो हेरचाह, पौष्टिक आहार, शैक्षिक सामग्री (झोला, कापी, कलम, किताब आदि) खाजा, आदिको राम्रो प्रवन्ध मिलाउनुका साथै समय समयमा बालविकास केन्द्रमा  पुगी आफ्ना बालबालिकाको पढाइको स्तरबारे बुझ्नु पर्ने र बालविकास केन्द्रको शैक्षिक वातावरण कायम गर्नलाई विद्यालयलाई सहयोग पुऱ्याउनु पर्छ । यसका लागि विद्यालय प्रशासनले पनि पत्र काटेर समय समयमा अभिभावकको भेला बोलाई बालविकास केन्द्रका समस्याको बारेमा अवगत गराउनु पर्दछ ।

वर्तमान अवस्थामा नीजी तथा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आएको ह्रासलाई कम गर्न र आ-आफ्नो दायित्व पूरा गर्नु बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सरोकार राख्ने सरोकारवालाहरुको दायित्व प्रमुख हो । शिक्षाविद् मारिया मन्टेश्वरी लगायत अन्य मानोवैज्ञानिक र शिक्षाविद्हरुको स-साना बालबालिकाको बाल मनोविज्ञान अनुसारको , आवश्यकता अनुसारको शिक्षण सिकाइ क्रियाकलापको वातावरण तैयार पार्ने सिद्धान्तलाई आत्मसात गर्दै जति सक्यो चाँडै बालविकास केन्द्रका समस्याहरुको पहिचान गरी समस्या समाधानको दिशातर्फ अघि बढ्न सकेको खण्डमा बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन प्रभावकारी हुने कुरामा दुई मत छैन ।

## ५.३ सुझावहरु

समग्र शोध अध्ययनको निश्कर्षको आधारमा बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) व्यवस्थापन आफैँमा एउटा गुरुयोजना हो । जसरी अन्य संस्थाहरुमा व्यवस्थापनको महत्व रहेको हुन्छ, त्यसैगरी बालविकासको क्षेत्रमा पनि बालविकास केन्द्रले शैक्षिक व्यवस्थापनलाई उत्तिकै महत्व दिनु पर्दछ ।

ख) बालविकास केन्द्र विद्यालयमा आधारित एउटा एकाइको रुपमा नलिई बालविकास केन्द्रलाई विद्यालयको छुट्टै तहको संरचनामा राख्नु पर्दछ ।

ग) बालविकास केन्द्रको संख्यात्मक वृद्धि गर्नु भन्दा यसको गुणात्मक विकासमा जोड दिनु पर्दछ ।

घ) बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति शैक्षिक योग्यता, तालिम, पारिश्रमिक र सेवा सुविधाको सम्बन्धमा नीति निर्माण तहबाट पुनरावलोकन गरी समसामयिक परिवर्तन र आवश्यक व्यवस्था गर्नु पर्छ ।

ङ) बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने विद्यालय व्यवस्थापन समिति, प्र.अ., सहयोगी कार्यकर्ता, शिक्षक, अभिभावक, विद्यालय निरीक्षक, स्रोत व्यक्तिबीच आपसी सम्बन्ध कायम गरी आ-आफ्नो दायित्व बोध र उत्तरदायित्व बहन गर्नुपर्छ ।

च) बालविकास केन्द्रको व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पर्ने भौतिक पूर्वाधारको व्यवस्थाका साथै आवश्यक वातावरण निर्माणका लागि थप सक्रियताको खाँचो रहेको छ ।

छ) सञ्चालित बालविकास केन्द्रमा पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, शैक्षिक सामग्री, खेलकुदका सामग्री र अन्य मनोरञ्जनका सामग्रीहरुको व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलापलाई बालमनोवैज्ञानिक र बालमैत्रीपूर्ण वातावरणमा सञ्चालन गर्नु पर्दछ ।

ज) बालविकास केन्द्रका बालबालिकाको सिकाइ उपलब्धीको मापनका मापदण्डहरु तयार पारी निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाइ त्यसको अभिलेख तथा प्रतिवेदन तयार गर्नु पर्दछ ।

झ) बालविकास केन्द्रको निरीक्षण, अनुगमन र अवलोकन प्रणालीलाई थप व्यवस्थित गर्नु पर्दछ ।

ञ) बालविकास केन्द्रमा स्वच्छ पिउने पानी, शुलभ शौचालय, खेल मैदानको उचित प्रवन्ध गर्नु पर्दछ ।

ट) विद्यार्थीको उपस्थिति बढाउनका लागि दिउँसोको खाजाको प्रवन्ध मिलाउनु पर्दछ ।

ठ) बाल बगैँचा र बाल पुस्तकालयको व्यवस्था गर्नुपर्दछ ।

ड) विद्यालयका प्र.अ.लाई थप जिम्मेवार बनाउनुका साथै क्रियाशील बनाउनु पर्दछ ।

ढ) एकातिर सरकारी निकायबाट बालविकास केन्द्रको संख्या बढाउने काम भएको छ भने अर्कोतर्फ बालविकास केन्द्रमा बालबालिकाको संख्या घट्दो क्रममा छ, त्यसैले यो अवस्थालाई रोक्नका लागि बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

ण) सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुद्वारा सञ्चालित बालविकास केन्द्रमा समुदायको विश्वास र चासो कम हुँदै जानु चिन्ताको विषय हो । त्यसैले सरोकारवालाहरुको यस तर्फ समयमै ध्यान जानु पर्ने र समुदायसंगको सम्बन्धलाई विश्वास योग्य, सहयोगी र सुमधुर बनाउनु पर्दछ ।

त) बालविकास केन्द्रको लागि आवश्यक भौतिक पूर्वाधार जुटाउन स्रोत र साधनको खोजी गर्नुपर्दछ ।

थ) विद्यालय व्यवस्थापन समितिको गठन, शिक्षक नियुक्ति जस्ता कुराहरुमा राजनैतिक हस्तक्षेपको अन्त्य, योग्य एवं दक्ष व्यक्तिहरुले विद्यालयमा नेतृत्व हुनुपर्ने र शिक्षक नियुक्तिमा पारदर्शीता हुनुपर्दछ ।

द) सामुदायिक विद्यालयका शिक्षक आफ्नो पेशा भन्दा राजनैतिक दलप्रति उत्तरदायी हुने परिपाटीको अन्त्य हुनुपर्दछ ।

ध) सामुदायिक विद्यालयका सञ्चालक तथा शिक्षकहरुले आफ्ना सन्तानहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने नियम बनाइ कडाइका साथ लागू गर्नुपर्दछ ।

# सन्दर्भग्रन्थसूची


**आर्थिक वर्ष २०६७/०६८ को वार्षिक बजेट**, २०६७ मंसिर ५, वर्ष १८, अंक २७०, कान्तिपुर दैनिक ।

के.सी., नरेन्द्र (२०६५), **सामुदायिक विद्यालय र समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालय बीचको शैक्षिक उपलब्धीको तूलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर, चितवन ।

जिल्ला विकास समितीको कार्यालय, रुपन्देही (२०६६), **विकाश बुलेटिन,** विकास पत्र, वर्ष १२ अंक १, रुपन्देही ।

जिल्ला शिक्षा कार्यालय, (२०६७), **शैक्षिक समाचार,** समाचार बुलेटिन, रुपन्देही ।

डल्लाकोटी, सुमित्रा (२०६७), **सामुदायिक र संस्थागत विद्यालयको शिक्षक छनोट प्रक्रियाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर चितवन ।

थापा विजयकुमार, श्रेष्ठ चन्द्रबहादुर र सिग्देल शैलैन्द्र प्रसाद (२०५९), **व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

**नेपालको अन्तरिम संविधान-२०६३,** काठमाडौंः सुलभ प्रकाशन ।

पौडेल, दुर्गा प्रसाद (२०६०), **जनसंख्या विक्षयमा शिक्षक व्यवस्थापन र शैक्षिक उपलब्धी बीचको सम्बन्ध : एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन ।

**प्रारम्भिक बालविकास दिग्दर्शन पाठ्यक्रम** (२०६२), शिक्षा विभाग, भक्तपुर ।

**बालविकास केन्द्र निर्देशिका** (२०६१), शिक्षा विभाग, सानोठिमी, भक्तपुर

रिमाल पाठक, गंगा र श्रेष्ठ लामा, उमा (२०६३), **केटाकेटीको समस्यालाई कसरी बुझ्ने ?,** काठमाडौंः नेपाल ईनस्टिच्यूट अफ साइकोलोजी ।

**विद्यालय व्यवस्थापन सहयोगी पुस्तिका** (२०६६/०६७), जिल्ला शिक्षा कार्यालय, रुपन्देही ।

शर्मा, चिरन्जीवी र निर्मला (२०६३), **शिक्षा मनोविज्ञान**, काठमाडौंः एम.के पब्लिकेशन ।

शर्मा, जयकृष्ण (२०६२), **सामुदायिक एवं संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको सहभागिता एक तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन ।

शर्मा, धनञ्जय (२०६७), **हाम्रो स्कुल यसरी बनायौं राम्रो, शिक्षक मासिक,** ललितपुरः हिमाल एसोसियसन ।

**शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९,** काठमाडौंः मकालु प्रकाशन गृह ।

**शैक्षिक झलक** (२०६६), हाते पुस्तिका, जि.शि.का., रुपन्देही ।

**शैक्षिक सूचना** (२०६६), जिल्ला शिक्षा कार्यालय, रुपन्देही ।

**सजायँ रहित शिक्षण सिकाई तरिका सम्बन्धी शिक्षक तालिम कार्यक्रम, प्रशिक्षक प्रशिक्षण निर्देशिका** (२०६३), शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

**सबैका लागि शिक्षा सहयोगि पुस्तीका,** २०६४

सिंह, नागेन्द्र (२०६३), **बालविकास र सिकाई**, काठमाडौंः पैरवी प्रकाशन ।

सिंह, नागेन्द्र (२०६६), **शिक्षाको परिचय,** काठमाडौंः पैरवी प्रकाशन ।

श्रेष्ठ, श्रीकृष्ण (२०६१/०६२), **नेपालको शैक्षिक विकास तथा शिक्षा ऐन नियम**, काठमाडौंः पैरवी प्रकाशन ।

Agrawal, J.C. (2007). **Therory and Principal of Education**. New Delhi: Vikash Publishing House.

# बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन

## अनुसूची - १

## अध्ययनका लागि छनोट गरिएका बालविकास केन्द्रको विवरण

| क.स. | विद्यालय र बालविकास केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १ | महामाया भवानी उच्च मा.वि. | केरवानी ७ भवानीपुर |
| २ | खड्ग मा.वि. | केरवानी १ दूर्गानगर ,बिर्ता |
| ३ | भविष्यनिर्माण उच्च मा.वि. | केरवानी ४ ढेकावर |
| ४ | सरस्वती नि.मा.वि. | केरवानी २ राजाबारी |
| ५ | कोटही प्रा.बि. | केरवानी ६ शिशपुर |
| ६ | शान्तिप्रिय प्रा.वि. | केरवानी ८ सिंगाहा |
| ७ | लक्ष्मी प्रा.वि. | केरवानी २ लक्ष्मीटोल |
| ८ | सुर्योदय प्रा.वि. | केरवानी ४ देविस्थान |
| ९ | फूलबारी प्रा.वि. | केरवानी ५ वसन्तपुर |
| १० | मायादेबि प्रा.वि. | केरवानी ६ टटेरा |

स्रोतः स्रोतकेन्द्र धकधई, रुपन्देही ।

## बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन
## अनुसूची - २
## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

बिद्यालयको नाम : अभिभावकको नाम:

१. तपाईको बच्चाको नाम र उमेर के कति होला ?

..............................................................................................................

२. के तपाईं समय समयमा विद्यालय गएर बच्चाको पढाईबारे जानकारी दिने गर्नुहुन्छ ?

..............................................................................................................

३. के तपाई आफ्नो बच्चाको पढाई कस्तो छ ? भनी विद्यालयमा जाने गर्नुभएको छ ? यदि जाने गर्नु भएको भए कति कति समयमा जानुहुन्छ ?

..............................................................................................................

४. तपाईको घर देखि विद्यालय सम्म कति मिनेट पैदल हिडेर पुगिन्छ ?

..............................................................................................................

५. तपाईको बच्चाले विद्यालयमा कति घण्टा बिताउछ ?

..............................................................................................................

६. के विद्यालयमा तपाईको बच्चालाई दिउसोको खाजा दिएर पठाउनुहुन्छ ?

..............................................................................................................

७. तपाईको बच्चालाई विद्यालय जांदा विद्यालय पोशाक कापी कलमको राम्रो व्यबस्था गरेर पठाउनुहुन्छ ?

..............................................................................................................

८. तपाईंको बच्चा विद्यालय जान कत्तिको रमाउँछ ?

..............................................................................................................

९. यस बाल विकास केन्द्रको मुख्य समस्याहरु के देख्नु हुन्छ ?

..............................................................................................................

१०. छोराछोरीको पढाई राम्रो गराउन विद्यालयलाई के सुझाव दिन चाहानुहुन्छ ?

..............................................................................................................

# वालविकास केन्द्रको शैक्षिक व्यवस्थापन
## अनुसूची - ३
## सहयोगी कार्यकर्ताको लागि अन्तर्वार्ता प्रश्नावली

सहयोगी कार्यकर्ताको नाम : शैक्षिक योग्यता :

विद्यालयको नामः

१ तपाईले बालविकास केन्द्रमा कहिले नियूक्ति पाउनुभयो ?

..........................................................................................

२ तपाईलाई सहयोगी कार्यकर्ता छनोट गर्दा कुन विधि अपनाइयो ?

..........................................................................................

३ बालविकास केन्द्रमा कहिले नियुक्ति पाउनु भयो ?

..........................................................................................

४ तपाईले बालविकास केन्द्रमा नियूक्ति हुनुभन्दा पहिले तालिम लिनु भएको थियो कि नियूक्ति भैसकेपछि ? तालिम लिएको भए तालिमको अवधी कति थियो ?

..........................................................................................

५ मासिक तलब कति पाउनुहुन्छ ?

..........................................................................................

६ विद्यालयमा कति घण्टा काम गर्नुहुन्छ ?

..........................................................................................

७ तपाईलाई कस्तो प्रकारको तालिमको आवश्यकता ठान्नुहुन्छ ?

..........................................................................................

८ तपाईले पाठ्यक्रम, शिक्षक निर्देशिकाको प्रयोग गर्ने गर्नु भएको छ कि छैन ?

..........................................................................................

९ शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ?

..........................................................................................

१० प्र.अ., प्राचार्य र शिक्षकहरुबाट कस्तो सहयोग पाउनुभएको छ ?

..........................................................................................

११ तपाई यस बालविकास केन्द्रको मूख्य समस्या के देख्नु हुन्छ ?

..........................................................................................

१२ बालविकास कक्षालाई अझ राम्रो गराउन के सुझाव दिनुहुन्छ ?

..........................................................................................

## बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन

## अनुसूची - ४

## वि.व्य.स. अध्यक्ष, प्र.अ.,वि.नि./स्रोत व्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : पद :

सम्बन्धित विद्यालय/कार्यालय :

१ बालविकास केन्द्रका लागि सहयोगी कार्यकर्ता छनोट गर्दा कुन प्रक्रिया अपनाउनुहुन्छ ?

..........................................................................................................

२ सहयोगी कार्यकर्ताको नियुक्तिमा कसैको दवाव आउने गरेको छ कि छैन ? यदि छ भने कहाँबाट आउँछ ?

..........................................................................................................

३ बालबिकास केन्द्रको लागि सहयोगी कार्यकर्ता छनोटका आधारहरु के के हुन ?

..........................................................................................................

४ सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता कति हुनुपर्छ जस्तो लाग्छ ?

..........................................................................................................

५ सहयोगी कार्यकर्ताको अनुपस्थितिमा कक्षा व्यवस्थापन कसरी हुने गर्दछ ? के सहयोगि कार्यकर्तालाई विद्यालयबाट थप पारिश्रमिक दिनुहुन्छ ?

..........................................................................................................

६ बालविकास केन्द्र कक्षा कोठामा निरीक्षण गर्ने गर्नुभएको छ ? यदि गरेको भए वर्क्षमा कति पटक निरीक्षण गर्नु भएको छ ?

..........................................................................................................

७ के बालविकास केन्द्रमा स्वीकृत पाठ्यक्रम अनुसार कक्षा संचालन गरिएको छ ?

..........................................................................................................

८ बालविकास केन्द्रमा शैक्षिक सामग्री र कक्षा कोठाको व्यवस्थापन कस्तो छ ?

..........................................................................................................

९ तपाई यस बालविकास केन्द्रको मुख्य समस्या के देख्नु हुन्छ ?

..........................................................................................................

१० बालबिकास केन्द्रको शैक्षिक व्यवस्थापन सुधारका लागि तपाईं के सुझाव दिनु हुन्छ ?

..........................................................................................................

# बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन

## अनुसूची - ५

## छनौटमा परेका बालविकास केन्द्रको विद्यार्थी विवरण

| क.सं. | विद्यालय/बालविकास केन्द्रको नाम | २०६५ साल | | | २०६६ साल | | | २०६७ साल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| ०१ | महामाया भवानी उच्च मा.वि. केरवानी-७ | १३ | ९ | २२ | १३ | १२ | २५ | ८ | १४ | २२ |
| ०२ | खडग मा.वि. केरवानी-१ | २० | १५ | ३५ | १९ | १३ | ३२ | १६ | १८ | ३४ |
| ०३ | भविष्य निर्माण उ.मा.वि. केरवानी-४ | १६ | १९ | ३५ | १५ | १९ | ३४ | १४ | १२ | २६ |
| ०४ | सरस्वती मा.वि. केरवानी-२ | २३ | १३ | ३६ | २१ | १४ | ३५ | १८ | १२ | ३० |
| ०५ | कोटही प्रा.वि. केरवानी-६ | १३ | १२ | २५ | १२ | १२ | २४ | १३ | ९ | २२ |
| ०६ | शान्तिप्रिय प्रा.वि. केरवानी-८ | १९ | २४ | ४३ | २९ | २६ | ५५ | ३१ | २८ | ५९ |
| ०७ | लक्ष्मी प्रा.वि. केरवानी-२ | २१ | २५ | ४६ | १४ | ९ | २३ | १७ | १४ | ३१ |
| ०८ | सूर्योदय प्रा.वि. केरवानी-४ | १७ | ४ | २१ | १८ | ३ | २१ | ८ | १० | १८ |
| ०९ | फूलवारी प्रा.वि. केरवानी-६ | १२ | १७ | २९ | १५ | ९ | २४ | १० | ७ | १७ |
| १० | मायादेवि प्रा.वि. केरवानी-३ | १२ | १० | २२ | १३ | ७ | २० | ११ | ९ | २० |
| **कुल जम्मा** | | **१६६** | **१४८** | **३१४** | **१६९** | **१२४** | **२९३** | **१४६** | **१३३** | **२७९** |

स्रोतः जिल्ला शिक्षा कार्यालय रुपन्देही, स्रोत केन्द्र धकधई (२०६७) ।

# बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन

## अनुसूची - ६

### सहयोगी कार्यकर्ता सम्बन्धी विवरण

| क्र.सं. | विद्यालय/बालविकास केन्द्रको नाम | सहयोगी कार्यकर्ताको नाम | स.का.को शैक्षिक योग्यता | तालिम अवधि | अनुभव वर्ष | काम गर्ने घण्टा | थप पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माहामाया भवानी उच्च मा.वि. | खीमा अधिकारी | आइ.एड. उत्तीर्ण | ७ दिन | ५ वर्ष | ६ घण्टा | ८०० थप | |
| २ | खड्ग मा.वि. | डील कुमारी पुन | एस.एल.सी. उत्तीर्ण | ११ दिन | ४ वर्ष | ६ घण्टा | ७०० थप | |
| ३ | भविष्य निर्माण उच्च मा.वि. | जयन्ती नेपाली | एस.एल.सी. उत्तीर्ण | अप्राप्त | २ महिना | ३ घण्टा | - | |
| ४ | सरस्वती मा.वि. | राधा क्षेत्री | सेन्टअप उत्तीर्ण | ७ दिन | ६ वर्ष | ३ घण्टा | | |
| ५ | कोटही प्रा.वि. | विन्दु चौधरी | आइ.एड. | ७ दिन | ५ वर्ष | ६ घण्टा | २०० थप | |
| ६ | शान्ति प्रिय प्रा.वि. | बाल कुमारी पाण्डेय<br>माया न्यौपाने | कक्षा ९ उत्तीर्ण<br>आइ.ए. उत्तीर्ण | १७ दिन<br>१७ दिन | ६ वर्ष<br>६ वर्ष | ६ घण्टा<br>६ घण्टा | १८०० थप | २ वटा कोटा |
| ७ | लक्ष्मी प्रा.वि. | तारा पराजुली<br>मनमाया बराल | सेन्टअप उत्तीर्ण<br>एस.एल.सी. उत्तीर्ण | १६ दिन<br>१७ दिन | ६ वर्ष<br>४ वर्ष | ६ घण्टा<br>६ घण्टा | | २ वटा कोटा |
| ८ | सूर्योदय प्रा.वि. | प्रेमा कुमारी थापा | एस.एल.सी. उत्तीर्ण | ७ दिन | २ वर्ष | ६ घण्टा | १७०० थप | |
| ९ | फुलबारी प्रा.वि. | विष्णुमाया पौडेल | हाइ स्कूल पास | १६ दिन | ६ वर्ष | ६ घण्टा | १२०० थप | |
| १० | मायादेवी प्रा.वि. | विष्णु खनाल | एस.एल.सी. उत्तीर्ण | ८ दिन | ३ वर्ष | ६ घण्टा | १२०० थप | |

स्रोतः विद्यालय अभिलेख (२०६७)

# बालविकास केन्द्रको शैक्षिक व्यवस्थाप

## अनुसूची - ७

### बालविकास केन्द्र अवलोकन रुजु सूची (Ĕ)

| क्र. सं. | विद्यालय/बालविकास केन्द्रको नाम | कक्षा कोठा व्यवस्थापनको अवस्था | | | | खेलकुद तथा शैक्षिक सामग्री निर्माण र उपयोगको अवस्था | | | | पाठ्यक्रम, निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | कमजोर | उत्तम | मध्यम | सामान्य | कमजोर | उत्तम | मध्यम | सामान्य | कमजोर |
| १ | महामाया भवानी उच्च मा.वि. | | √ | | | | √ | | | | | √ | |
| २ | खड्ग मा.वि. | | | | √ | | | | √ | | | | √ |
| ३ | भविष्य निर्माण उच्च मा.वि. | | √ | | | | | | √ | | | | √ |
| ४ | सरस्वती मा.वि. | | | √ | | | | | √ | | √ | | |
| ५ | कोटही प्रा.वि. | | √ | | | | √ | | | | | | √ |
| ६ | शान्ति प्रिय प्रा.वि. | √ | | | | √ | | | | √ | | | |
| ७ | लक्ष्मी प्रा.वि. | | | | √ | | | | √ | | | | √ |
| ८ | सूर्योदय प्रा.वि. | | | √ | | | | √ | | | | | √ |
| ९ | फूलवारी प्रा.वि. | | | √ | | | | √ | | | | | √ |
| १० | मायादेवी प्रा.वि. | | | √ | | | | | √ | | | | √ |
| | नतिजा | १ | ३ | ४ | २ | १ | २ | २ | ५ | १ | १ | १ | ७ |
| | प्रतिशत | १० | ३० | ४० | २० | १० | २० | २० | ५० | १० | १० | १० | ७० |

स्रोतः सम्बन्धित विद्यालय अवलोकन (२०६७)